# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १२ | अंक ३५४ | काठमाडौं | बिहीबार, १० वैशाख २०८३ | Prabhab National Daily | Thursday, 23 April 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# सम्पत्ति छानबिन आयोगले थाल्यो काम

## पूर्वराजा शाहदेखि राष्ट्रपति पौडेलसम्म आयोगको राडारमा

- पूर्वप्रधानमन्त्रीहरू केपी शर्मा ओली, माधव नेपाल, झलनाथ खनाल, पुष्पकमल दाहाल, शेरबहादुर देउवा, माधवकुमार नेपाल, डा. बाबुराम भट्टराई पूर्वन्यायाधीश तथा चुनावी सरकारका अध्यक्ष खिलराज रेग्मी र जेन-जी आन्दोलनपछि चुनावी सरकारका प्रधानमन्त्री सुशीला कार्कीको समेत सम्पत्ति छानबिन हुने
- सम्पत्ति छानबिनको राडारमा लोकमान सिंह कार्कीदेखि अहिलेका मुख्यसचिव एकनारायण अर्यालसम्म पर्ने
- सार्वजनिक पदमा रहेका, सेवानिवृत्त भएका वा पदबाट हटिसकेका पदाधिकारी र तिनका परिवारको नाममा स्वदेश तथा विदेशमा रहेको सम्पत्ति विवरण संकलन गरी सूक्ष्म जाँचबुझ गर्ने जिम्मेवारी

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले २०६२ सालयताका उच्च पदस्थको सम्पत्ति छानबिन/संकलन गर्न गठन गरेको 'सम्पत्ति छानबिन आयोग'ले काम थालेको छ। सर्वोच्च अदालतका पूर्वन्यायाधीश राजेन्द्रकुमार भण्डारीको अध्यक्षतामा गठन गरिएको पाँच सदस्यीय आयोगले बुधबारबाट औपचारिकरूपमा काम सुरु गरेको हो।

आयोगका अध्यक्ष भण्डारीले बुधबार कायममुकायम (कामु) प्रधानन्यायाधीश सपना प्रधान मल्लसमक्ष पद तथा गोपनीयताको शपथ लिए। त्यसैगरी सदस्यहरू पुनरावेदन अदालतका पूर्वमुख्यन्यायाधीश पुरुषोत्तम पराजुली, उच्च अदालतका पूर्वन्यायाधीश चण्डीराज ढकाल, पूर्वप्रहरी नायब महानिरीक्षक गणेश केसी र चार्टर्ड अकाउन्टेन्ट प्रकाश लम्सालले पनि शपथ लिएका छन्।

मुलुकमा व्याप्त भ्रष्टाचार र दण्डहीनता अन्त्य गर्ने लक्ष्यका साथ वालेन्द्र शाह नेतृत्वको मन्त्रिपरिषद्ले वैशाख २ गते गठन गरेको आयोगको कार्यालय केशरमहलमा स्थापना गरिएको छ। सरकारले २०६२/६३ देखि हालसम्म सार्वजनिक पद...

क्रमशः पृष्ठ २ मा



**कामु प्रधानन्यायाधीश सपना प्रधान मल्लको उपस्थितिमा सम्पत्ति छानबिन आयोगका नवनियुक्त अध्यक्ष राजेन्द्रकुमार भण्डारी बुधबार आयोगका सदस्यहरूलाई पद तथा गोपनीयताको शपथ गराउँदै।**

*तस्बिर सौजन्यः प्रधानमन्त्रीको सचिवालय*

### कार्यकाल एक वर्ष, प्रतिवेदन ४५ दिनभित्र कार्यान्वयन

एक वर्षको कार्यकाल तोकिएको सम्पत्ति छानबिन आयोगले सार्वजनिक पदमा रहेका, सेवानिवृत्त भएका वा पदबाट हटिसकेका पदाधिकारी र तिनका परिवारको नाममा स्वदेश तथा विदेशमा रहेको सम्पत्ति विवरण संकलन गरी सूक्ष्म जाँचबुझ गर्ने छ।

आयोगले कुनै पनि व्यक्तिको अनुसन्धान सम्पन्न हुनासाथ प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गर्नुपर्ने प्रावधान रहेको छ, जसलाई सरकारले ४५ दिनभित्र अनिवार्यरूपमा कार्यान्वयन गर्नुपर्ने छ। आयोगले पूर्णरूपमा स्वतन्त्र, निष्पक्ष र व्यावसायिक ढंगले कार्य गर्ने प्रतिबद्धता जनाउँदै कसैको दबाव वा प्रभावमा नपरी जिम्मेवारी पूरा गर्नुपर्ने छ।

क्रमशः पृष्ठ २ मा

रवि-वालेन्द्र नीतिः विवादितलाई बिदा

# सत्ता सम्हालेको एक महिना नपुग्दै हटाइए दुई मन्त्री

- गृहमन्त्री बनेको २७ दिनमै सुधन गुरूङले दिए राजीनामा
- विवादमा तानिएका मन्त्रीहरूको बचाऊमा उत्रिएनन् रवि-वालेन्द्र
- प्रश्न उठ्यो कि पदबाट हटाउने नीति
- दीपक साहलाई नातावाद र सुधनलाई विवादित व्यवसायी दीपक भट्टसँगको साझेदारी आरोपमा मुछिएपछि मन्त्रीबाट हटाइए

■ **जेबी योञ्जन**

**काठमाडौं–** प्रधानमन्त्री वालेन्द्र शाह र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले विवादमा तानिएका मन्त्रीहरूलाई पदबाट बिदा गर्ने स्पष्ट नीति लिएको देखिएको छ। सार्वजनिक रूपमा त्यस्ता विवादित मन्त्रीहरूको प्रतिरक्षा गरेर आलोचित नहुने सन्देश पनि उनीहरूले दिएका छन्।

गृहमन्त्री सुधन गुरूङ र श्रममन्त्री दीपक साहलाई विवादमा मुछिएपछि हटाएको घटनाले त्यही देखाउँछ। यसले रास्वपा सार्वजनिकरूपमा प्रश्न उठेपछि प्रतिरक्षा गरेर पदमै राखिरहने पक्षमा नरहेको पनि देखिन्छ। विगतमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री हुँदा मन्त्रीहरूको प्रतिरक्षामा आफैं उत्रिन्थे, जसले उनी आलोचित हुन्थे। तर, प्रधानमन्त्री शाह र रास्वपा सभापति लामिछानेदेखि उनका दलका सांसदहरू मौन रहे।



नागरिकस्तरबाट मेरो सेयरलगायतका विषयमा उठेका प्रश्न, टिप्पणी र जनचासोलाई मैले गम्भीररूपमा लिएको छु। मेरो लागि पदभन्दा ठूलो कुरा नैतिकता हो र जनविश्वासभन्दा ठूलो शक्ति कुनै हुँदैन।

**सुधन गुरूङ**
निवर्तमान गृहमन्त्री

निवर्तमान गृहमन्त्री गुरुङमाथि दुई लघु बिमा कम्पनीमा लगानी र विवादित व्यवसायी दीपक भट्टसँगको सम्बन्धबारे प्रश्न उठेको थियो। सुरुमा त उनले स्पष्टीकरण दिएर पद जोगाउने प्रयास गरे। स्रोतकाअनुसार पार्टी सभापति लामिछाने र प्रधानमन्त्री शाहले पद छाड्न निर्देशन दिएपछि मन्त्री नियुक्त भएको २७औं दिनमा राजीनामा दिन बाध्य भए।

राजीनामापछि उनले सामाजिक सञ्जाल फेसबुकमा लेखे, 'नागरिकस्तरबाट मेरो सेयरलगायतका विषयमा उठेका प्रश्न, टिप्पणी र जनचासोलाई मैले गम्भीररूपमा लिएको छु। मेरो लागि पदभन्दा ठूलो कुरा नैतिकता हो र जनविश्वासभन्दा ठूलो शक्ति कुनै हुँदैन।'

क्रमशः पृष्ठ २ मा

### गृहमा सुधनको २७ दिन

१३ चैतमा बनेको वालेन्द्र सरकारमा सुधन गुरुङले शक्तिशाली मन्त्रालय गृहको कमाण्ड सम्हाले। सोही दिन साँझ नयाँ सरकारको पहिलो मन्त्रिपरिषद् बैठक बस्यो। बैठकले जेन-जी विद्रोहको जाँचबुझ गर्न गठित गौरीबहादुर कार्की नेतृत्वको आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गर्‍यो। प्रतिवेदनमा २३ गते १९ जना नवयुवाको ज्यान तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखकको हेल्चेक्र्याइँका कारण गएको भन्दै ज्यानसम्बन्धी कसुरमा अनुसन्धानका लागि सिफारिस गरिएको थियो। सोही प्रतिवेदन कार्यान्वयन गर्ने वालेन्द्र सरकारको निर्णय भयो।

लगत्तै गृहमन्त्री गुरुङले नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई देशभर तैनाथ हुन निर्देशन दिए। त्यो ओली र लेखक पक्राउ गर्दा हुने सम्भावित तनावपूर्ण स्थितिलाई सम्हाल्ने सुरक्षा तयारी थियो। नभन्दै सुरक्षाकर्मीहरू सोही रात तैनाथ भए। ओली र लेखक निवासमा सुरक्षाकर्मीहरू राति नै पुगे। बिहान सबेरै दुवै जनालाई पक्राउ गरे। यो १४ चैतको घटना हो।

ओली पक्राउविरुद्ध एमाले प्रदर्शनमा उत्रियो, तर प्रदर्शन निष्प्रभावी बन्यो। ओली र लेखकको पक्राउपछि पनि उनी रोकिएनन्। १५ चैतमा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले पूर्वऊर्जामन्त्री तथा कांग्रेस नेता दीपक खड्कालाई पक्राउ गर्‍यो।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# संघका महासचिव बस्नेतलाई लोकतान्त्रिक एसोसिएसनले माग्यो स्पष्टीकरण

## अध्यक्ष भुवनसिंह गुरुङलाई असहयोग गरेको आरोप

■ **ममता थापा**

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको कार्यसमितिभित्र उत्पन्न विवादमा पार्टीगत संगठनकोसमेत प्रवेश भएको छ। संघका अध्यक्ष भुवनसिंह गुरुङले एकलौटी निर्णय गर्दै दुई जना सल्लाहकार हटाएको भन्दै महासचिव महेशकुमार बस्नेतले मंगलबार गुरुङलाई २४ घण्टे स्पष्टीकरण सोधेका थिए।

यो समाचार तयार पार्दासम्म अध्यक्ष गुरुङले स्पष्टीकरण दिएका छैनन्। उनले स्पष्टीकरण सोध्ने अधिकार महासचिव बस्नेतसँग नभएको बताएका छन्। यहीबीच बुधबार नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले संघका महासचिव बस्नेतसँग स्पष्टीकरण सोधेको छ। लोकतान्त्रिक एसोसिएसनको नीतिविपरीत आफ्नै कार्यसमितिका अध्यक्ष गुरुङलाई असहयोग गरेको भन्दै बस्नेतलाई २४ घण्टे स्पष्टीकरण सोधेको हो।

एसोसिएसनका अध्यक्ष दीपक थापाले महासचिव बस्नेतलाई पठाएको पत्रमा बस्नेतले संघभित्र दीर्घकालीन असर पार्ने निर्णयहरूमा सहमति जनाउँदै आफ्नै अध्यक्षलाई असहयोग गर्न गुट, उपगुट चलाएको आरोप लगाइएको छ। बस्नेतले आफ्नै अध्यक्षलाई हटाएर तदर्थ समिति गठन गर्न लागेको जानकारी प्राप्त भएको पत्रमा उल्लेख गरिएको छ। संघमा उत्पन्न भएको विवादका विषयमा एसोसिएसनालाई किन जानकारी नगराएको भन्दै थापाले प्रश्न गरेका छन्।

'तपाईंले म लगायत यस कार्यसमितिलाई एक पटक यो-यो भएको छ के गरुम ? अथवा समस्याहरू आएका छन्, घरका समस्याहरूको समाधान आफ्नै घरमा बसेर गरुम्, किन भन्न सक्नुभएन ?,' पत्रमा भनिएको छ, 'संघको महासचिव पद लिन, निर्वाचित गराउन यही संस्था चाहियो अनि आज यही संस्थालाई लात हानेर यो कार्य गर्न कुन नैतिकताले दिन्छ ?'

पत्रमा व्यवसायीका समस्याको समाधानलाई प्राथमिकतामा राख्नुपर्नेमा समस्यामा राजनीति गर्न खोज्नेहरूको दाउपेचलाई समर्थन गरी अध्यक्ष गुरुङलाई दुईतिहाइको हस्ताक्षर संकलन गरी हटाउन खोजेको देखिएको भनिएको छ। महासचिव बस्नेतले एसोसिएसनको विधानको परिच्छेद् २ को दफा ४ विपरीत कार्य गरेको भन्दै के कारणले एसोसिएसनलाई दीर्घकालीन असर पर्ने काम निर्णय र प्रक्रियामा सहमति दिएको भनेर २४ घण्टाभित्र स्पष्ट लेखेर बुझाउन भनेको छ। संघमा उम्मेदवारी दिँदा आफ्नो भूमिका पारदर्शी तथा उत्तरदायी हुने र यसको उल्लंघन गरे एसोसिएसन र नेपाली कांग्रेस पार्टीले गरेको कारबाही स्वीकार्न तयार रहेको भन्दै बस्नेतले हस्ताक्षर गरेको प्रतिबद्धतापत्रबारे पनि स्मरण गराइएको छ।

संघको गत निर्वाचनमा अध्यक्ष गुरुङ र महासचिव बस्नेत एउटै प्यानलबाट चुनाव लडेका हुन्। लोकतान्त्रिक एसोसिएसनबाट उम्मेदवार बनेर निर्वाचित भएका अध्यक्ष र महासचिवबीचको विवादले संघको कामकारबाही नै अस्तव्यस्त भएको संघका एक कार्यसमिति सदस्यले बताए।



महेशकुमार बस्नेत



भुवनसिंह गुरुङ

### अध्यक्ष गुरूङ भन्छन्- के कारबाही हुँदो रहेछ हेर्छु

विवादमा फसेको नेपाल वैदेशिक रोजगार संघका अध्यक्ष भुवनसिंह गुरुङले महासचिव महेशकुमार बस्नेतले सोधेको २४ घण्टे स्पष्टीकरणको कुनै जवाफ दिन आवश्यक नभएको बताएका छन्।

क्रमशः पृष्ठ २ मा

काठमाडौं उपत्यका मेयरर्स फोरमको निष्कर्ष

# शैक्षिक सत्र सञ्चालनसम्बन्धी सरकारको निर्णय संविधानविपरीत

## वैशाख १५ गतेदेखि पठनपाठन सुरु गर्ने निर्णय

■ **प्रभाव संवाददाता**

- संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को ख्याल गर्न प्रधानमन्त्रीलाई काठमाडौं उपत्यका मेयरर्स फोरमको सुझाव
- वैशाख ११ गतेदेखि भर्ना अभियान र वैशाख १५ गतेदेखि पठनपाठन सञ्चालन गर्ने सर्कुलर
- वैशाख १५ गतेबाट भर्ना अभियान र २१ गतेदेखि पठनपाठन गर्नू भन्ने वालेन्द्र सरकारको निर्णयको अवज्ञा

**काठमाडौं–** वालेन्द्र शाह नेतृत्वको संघीय सरकारले विद्यालय सञ्चालन र नयाँ शैक्षिक सत्र सञ्चालनबारे गरेको निर्णयलाई काठमाडौं उपत्यका मेयर्स फोरमले अस्वीकार गरेको छ। संघ सरकारको निर्णय संविधानप्रदत्त अधिकार प्रतिकूल भएको भन्दै कार्यान्वयन गर्न अस्वीकार गरेको हो।

देशका विभिन्न स्थानीय तहले संघ सरकारको निर्णय धमाधम अवज्ञा गर्दै नयाँ शैक्षिक सत्र सञ्चालन गर्न विद्यार्थी भर्ना अभियानलगायतका गतिविधि थाल्दा सोही कित्तामा काठमाडौं उपत्यका मेयर्स फोरम उभिएको हो। फोरमका अध्यक्ष रहेका ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनले बुधबार विज्ञप्ति जारी गर्दै प्रधानमन्त्री शाहलाई नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को स्मरण गराएका छन्।

मन्त्रिपरिषद् बैठकले २०८३ सालको भर्ना अभियान वैशाख १५ गतेदेखि सुरु गर्ने र पठनपाठन वैशाख २१ गतेबाट सञ्चालन गर्ने निर्णय गरेको थियो। संविधानमा रहेको स्थानीय तहको अधिकार सूची र स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा आधारभूत तथा माध्यमिक शिक्षासम्बन्धी अधिकार स्थानीय तहमा निहित रहेको भन्दै फोरमले यस विषयमा संघीय सरकारको स्पष्टता आवश्यक रहेको जनाएको छ।

फोरमले विद्यालय सञ्चालन, व्यवस्थापन, नियमन तथा अनुगमन गर्ने अधिकार स्थानीय तहकै भएको उल्लेख गर्दै शैक्षिक सत्र सुरु हुनुअघि आवश्यक तयारी पूरा नगरी हतारमा विद्यालय सञ्चालन गर्दा गुणस्तरमा असर पर्न सक्ने चेतावनी दिएको छ। यसका साथै हालको शैक्षिक तथा प्रशासनिक अवस्थालाई विश्लेषण गर्दै विद्यालय सञ्चालनका लागि पर्याप्त पूर्वाधार, शिक्षक व्यवस्थापन तथा विद्यार्थी भर्ना प्रक्रियामा समन्वय आवश्यक रहेको फोरमले जनाएको छ।

फोरमले अभिभावक, शिक्षक संघसंस्था, प्रिन्सिपल्स् एसोसिएसन अफ नेपाललगायत सरोकारवालासँगको छलफलबाट विद्यालय सञ्चालनबारे सुझाव संकलन गरेको जानकारी दिएको छ।

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

# सत्ता सम्हालेको...

उनले राजीनामा दिएपछि गत वर्षको भदौ २३ र २४ गते भएको जेन-जी विद्रोहका सहिदहरूलाई स्मरण गरे । 'जेन-जी आन्दोलनले पनि यही सन्देश दिएको छ सार्वजनिक जीवन स्वच्छ हुनुपर्छ, नेतृत्व उत्तरदायी हुनुपर्छ । मेरा ४६ जना भाइबहिनीहरूको रगत र बलिदानको आडमा बनेको सरकारलाई कसैले प्रश्न गर्छ भने त्यसको जवाफ नैतिकता हो,' उनले भने । सत्य, इमानदारी र आत्मशुद्धिको बाटोमा सबै उभिनैपर्ने भन्दै उनले निष्पक्ष छानबिनका लागि आफूले राजीनामा दिएको तर्क गरेका छन् ।

पछिल्लो समय उनी सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको हिरासतमा रहेका व्यवसायी दीपक भट्टको कम्पनीमा साझेदार रहेको तथ्य बाहिरिएपछि संकटमा परे । भट्टको लिबर्टी माइक्रो इन्स्योरेन्स र स्टार माइक्रो इन्स्योरेन्सको ५० लाख रूपैयाँबराबरको सेयर किनेको विषयमा उनीमाथि चौतर्फी प्रश्न उठ्यो । सेयरको विषय उनले सम्पत्ति विवरणमा लुकाएका थिए ।

उनीमाथि रकमको स्रोतबारे प्रश्न उठ्यो । गृहमन्त्री गुरुङले ऋण लिएर किनेको दाबी गरे । कपाली तमसुक सार्वजनिक गरे । विवाद रोकिएन । विवादित व्यवसायी भट्टसँगको कनेक्सनबारे चित्तबुझ्दो जवाफ दिन नसकेपछि उनी झनै विवादमा तानिए ।

त्यसमाथि बुधबार त धनकुटाको साँगुरीगढी गाउँपालिकामा पर्ने पर्यटकीय क्षेत्र भेडेटार क्षेत्रमा रोपनीकै पाँच लाख रूपैयाँ पर्ने जग्गा सात लाख रूपैयाँमै २० रोपनी गृहमन्त्री हुनु केही दिनअघि लिएको सार्वजनिक भयो । यो जग्गा पनि उनले सम्पत्ति विवरणमा खुलाएका थिएनन् । विवादको घेरामा परेपछि उनी स्पष्टीकरण दिएर उम्किन सकेनन् । राजीनामा निर्विकल्प बन्यो ।

यसअघि श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री दीपककुमार साह नातावादमा मुछिए । श्रीमतीलाई स्वास्थ्य बिमा बोर्डमा हाजिर गराएको विषय सार्वजनिक भएपछि साहलाई स्पष्टीकरणको मौकासमेत नदिई सभापति लामिछानेले 'राइट टु रिकल' नीतिअन्तर्गत फिर्ता बोलाए, सोहीअनुसार प्रधानमन्त्री शाहले पदमुक्त गरिदिए । दुवै घटनालाई जोडेर हेर्दा प्रधानमन्त्री शाह र सभापति लामिछाने विवादित मन्त्रीलाई जोगाउनेभन्दा हटाउने पक्षमा उभिएको स्पष्ट देखिन्छ ।

■ ■ ■

# गृहमा सुधनको ...

धुम्बाराहीस्थित एक अपार्टमेन्टबाट पक्राउ परेका उनीमाथि सिआइबीले सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा अनुसन्धान थाल्यो । जेन-जी विद्रोहका बेला खड्काको घरमा पैसा फेला परेको फोटो, भिडियो सार्वजनिक भएको थियो । गृहमन्त्री गुरुङले निवासबाट बरामद भएको रकमको अनुसन्धानका लागि खड्का पक्राउ परेको बताएका थिए ।

१५ चैतकै राति एमालेकी लुम्बिनी प्रदेश सांसद रेखा शर्मा पक्राउ परेकी थिइन् । उनलाई एक बालिकालाई घरमा राखेर बालश्रम शोषण गराएको आरोप लागेको थियो । विगत ६ वर्षदेखि सांसद शर्माको घरमा काम गरेकी बालिकाले आफूमाथि कुटपिट हुने गरेको बताएकी थिइन् ।

जेन-जी विद्रोह हुँदाका काठमाडौंका प्रमुख जिल्ला अधिकारीको जिम्मेवारीमा रहेका छविलाल रिजाल १७ चैतमा पक्राउ परे । उनलाई पनि कार्की आयोगले कारबाही सिफारिस गरेको थियो । जेन-जी विद्रोहमा दमन गरेपछि उनी काठमाडौंको प्रमुख जिल्ला अधिकारीबाट एक महिना नपुग्दै बाहिरिएका थिए ।

गत २३ र २४ भदौमा भएको जेन-जी विद्रोहमा रिजालले आफूले घुँडाभन्दा तल लक्षित रबरको गोली चलाउने मौखिक आदेश दिएको तर सिधै गोली चलाउने आदेश भने नदिएको बताएका थिए । उनीपछि १९ चैतमा व्यवसायी दीपक भट्ट पक्राउ परे । सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धानमा उनी तानिएका हुन् । उनीमाथि सम्पत्ति शुद्धीकरण विभागले अनुसन्धान गरिरहेको छ । २० चैतमा सम्पत्ति शुद्धीकरणकै कसुरमा अर्का व्यवसायी तथा शंकर ग्रुपका सञ्चालक शंकर अग्रवाल पक्राउ परे । २२ चैतमा उनका छोरा सुलभ अग्रवाल पक्राउ परे । भलै, पक्राउ परेका धेरै 'हाइ प्रोफाइल' नेताहरू अदालतको आदेशपछि रिहा भइसकेका छन् । केही भने थुनामा छन् । यो त उनको पक्राउ अभियानको प्रसंग हो ।

यसबीचमा गुरुङले प्रहरी प्रधान कार्यालयको निरीक्षण गर्दै प्रहरीको पोसाक नेपालमै उत्पादन गर्नेदेखि आइजिपीलाई प्रधानमन्त्रीले फुली लगाउने व्यवस्थासमेत बनाउने बताएका थिए । यस्तै, सशस्त्र प्रहरी हेडक्वार्टर पुगेर सीमामा सशस्त्रको फौज थप खटाउन निर्देशन दिनेदेखि उद्धारका लागि सशस्त्रलाई दुईवटा हेलिकप्टर दिने बताए । एकदम रफ्तारमा काम गरेका उनले प्रहरीको युनिटहरूमा आकस्मिक निरीक्षक गरेका थिए । नारायणगढ-बुटवल सडकलगायत खण्डको सुस्त भइरहेको काम छिटो गर्न चिनियाँ ठेकेदारलाई निर्देशन दिए ।

रफ्तारमा काम गरेका निवर्तमान गृहमन्त्री गुरुङको प्रशंसा हुँदाहुँदै आफ्नै पृष्ठभूमिका कारण कारण उनी विवादमा तानिए । पोखरास्थित फेवातालको जग्गा प्रकरणदेखि सम्पत्तिको स्रोतसम्ममा प्रश्न उठ्यो । पछिल्लोपटक विवादित व्यवसायी भट्टसँगको कनेक्सन खुलेपछि उनी पदबाट हट्न बाध्य बने । यद्यपि, उनले आफ्नोबारे उठेको विवादमा निष्पक्ष छानबिनका लागि राजीनामा दिएको बताएका छन् ।

■ ■ ■

# सम्पत्ति छानबिन ...

धारण गरेका प्रमुख राजनीतिकपदाधिकारी तथा उच्च पदस्थ कर्मचारीको सम्पत्ति विवरण संकलन, प्रमाणीकरण तथा छानबिन गर्न आयोग गठन गरेको हो । जाँचबुझ ऐन २०२६ बमोजिम कार्यसम्पादन गर्ने जिम्मेवारी पाएको यस आयोगको कार्यसम्पादन सर्त (टिओआर) समेत स्वीकृत भइसकेको छ ।

## राडारमा पूर्वराजा शाहदेखि राष्ट्रपति पौडेलसम्म

सरकारले सम्पत्ति छानबिन गर्ने प्रमुख राजीनितिक पदाधिकारीमा पूर्वराजा ज्ञानेन्द्र शाहदेखि राष्ट्रपति रामचन्द्र पौडेलसम्म पर्ने छन् । त्यसैगरी पूर्वराष्ट्रपतिद्वय डा. रामवरण यादव र विद्यादेवी भण्डारी, पूर्वउपराष्ट्रपति परमानन्द झा, नन्दबहादुर पुन पनि यो राडारमा पर्ने छन् ।

त्यसैगरी पूर्वप्रधानमन्त्रीहरू केपी शर्मा ओली, माधव नेपाल, झलनाथ खनाल, पुष्पकमल दाहाल, शेरबहादुर देउवा, माधवकुमार नेपाल, डा. बाबुराम भट्टराई, पूर्वप्रधानन्यायाधीश तथा चुनावी सरकारका अध्यक्ष खिलराज रेग्मी र जेन-जी आन्दोलनपछि चुनावी सरकारका प्रधानमन्त्री सुशीला कार्कीकोसमेत सम्पत्ति छानबिन हुने छ ।

सरकारको यो निर्णयमा हालका सभामुख डोलप्रसाद अर्याल, मन्त्रीहरू विराजभक्त श्रेष्ठ, शिशिर खनाल र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने पनि पर्ने छन् । सम्पत्ति छानबिनको सूचीमा १७ सरकार प्रमुखसहित २८६ भन्दा बढी पूर्वमन्त्री पर्ने देखिन्छ ।

## दर्जन मुख्यसचिव राडारमा

सम्पत्ति छानबिनको राडारमा लोकमानसिंह कार्कीदेखि अहिलेका मुख्यसचिव एकनारायण अर्यालसम्म पर्ने छन् । कार्कीपछि मुकुन्द शर्मा पौडेल, भोजराज घिमिरे, माधव घिमिरे, लीलामणि पौड्याल, सोमलाल सुवेदी, राजेन्द्रकिशोर क्षेत्री, लोकदर्शन रेग्मी, शंकरदास बैरागी, वैकुण्ठ अर्याल, लीलादेवी गडतौलाहुँदै एकनारायण अर्याल सरकारको २८औं मुख्यसचिव छन् । यो आयोगले सरकारका सचिवहरू, राजदूतहरू र विभाग, संस्थान, निगम तथा प्राधिकरणका प्रमुखहरूकोसमेत सम्पत्ति छानबिन गर्ने छ ।

## यसअघि पनि बनेका थिए सम्पत्ति छानबिन आयोग

यसअघि पनि सरकारले पटक-पटक सम्पत्ति छानबिन आयोग बनेको थियो । २०५८ फागुन २० मा सर्वोच्च अदालतका बहालवाला न्यायाधीश भैरवप्रसाद लम्सालको अध्यक्षतामा सम्पत्ति छानबिन आयोग बनेको थियो । उक्त आयोगले सरकारी शाखा अधिकृतदेखि प्रधानमन्त्री, मन्त्रीलगायत राजनीतिक, प्रशासनिक उच्च पदस्थ अधिकारी र अन्य कर्मचारीदेखि बहालवाला प्रधानन्यायाधीशसम्मको सम्पत्ति जाँचबुझ गर्ने म्याण्डेट पाएको थियो । आयोगले जाँचबुझका क्रममा ४० हजारभन्दा बढीलाई पत्र काटेको थियो । तर उक्त प्रतिवेदन सार्वजनिक नै भएन ।

२०६१ माघ १९ मा तत्कालीन राजा ज्ञानेन्द्र शाहले शेरबहादुर देउवा नेतृत्वको सरकार अपदस्थ गरी आफ्नै नेतृत्वमा प्रत्यक्ष शासन सुरु गरेपछि २०६१ फागुन ५ गते पूर्वप्रशासक भक्तबहादुर कोइरालाको अध्यक्षतामा पाँच सदस्यीय भ्रष्टाचार नियन्त्रण शाही आयोग गठन गरेको थियो । आयोगले पूर्वप्रधानमन्त्री देउवा, पूर्वमन्त्री प्रकाशमान सिंहलगायतलाई थुनामा राखेर अनुसन्धान गरेको थियो । सर्वोच्चले शाही आयोग गठनलाई कानुनी र संवैधानिकरूपमा प्रश्न उठाउँदै अन्ततः १ फागुन २०६२ मा प्रधानन्यायाधीशसहितको पाँच सदस्यीय इजलासले आयोग अमान्य हुने फैसलासहित खारेज गरिदियो ।

आयोग खारेजसँगै यसका आधारमा पक्राउ, थुनामा रहेकाहरू छुटे भने यसको कानुनी वैधता पनि सकिएको थियो । भ्रष्टाचार तथा अनियमितता अनुसन्धानका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगजस्तो निकाय हुँदाहुँदै यस्तो आयोग गठन हुनु अर्थहीन भएको नेपाल सरकारका पूर्वसचिव उमेश मैनाली बताउँछन् ।

'अहिले अख्तियार दुरूपयोग अनुसन्धान आयोग हुँदाहुँदै यस्तो आयोग गठन हुनु अर्थहीन छ । अख्तियारलाई बलियो बनाउँदा राम्रो हुन्छ । रिसोर्स नपुगेको भए थप्नुपर्छ । जनशक्ति थप्नुपर्छ,' पूर्वसचिव मैनालीले भने । नयाँ सरकार आउँदा ढोल बजाएर यस्तो आयोग बनाउने र ठेली तयार गरेर प्रतिवेदन तयार पारिने अनि कार्यान्वयनमै नआउने चलन विगतबाटै देखिएको उनको भनाइ छ ।

■ ■ ■

# कार्यकाल एक...

कार्यसम्पादनको सिलसिलामा आयोगले आवश्यकताअनुसार विभिन्न क्षेत्रका विज्ञहरूको सल्लाह लिन सक्ने प्रावधान राखिएको भएता पनि स्वार्थको द्वन्द्व भएका विज्ञहरूलाई भने आमन्त्रण गर्न नपाइने कडा सर्त तय गरिएको छ । आयोगको गठन २०८२ चैत १३ को मन्त्रिपरिषद् बैठकबाट स्वीकृत 'शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीहरू' को बुँदा नम्बर ४३ मा उल्लिखित भ्रष्टाचारविरोधी प्रतिबद्धताअनुरूप भएको हो । हाल प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आयोगका लागि आवश्यक ३२ जना कर्मचारीको छनोट (स्क्रिनिङ) गरिरहेको छ । आयोगको कामलाई पारदर्शी बनाउन त्यहाँ खटिने कर्मचारीहरूले समेत कार्यभार सम्हालेको एक साताभित्र आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था गरिएको छ ।

■ ■ ■

# संघका महासचिव...

महासचिवले विधानविपरीत गएर कारबाही गर्न खोजेको उनको दाबी छ । 'मैले कसलाई स्पष्टीकरण दिने ? महासचिवले विधानको कुन दफा, कुन धारामा टेकेर स्पष्टीकरण मागेको हो ?,' उनले भने, 'वरीयताको हिसाबमा महासचिव चौथोमा हो । के कारबाही हुँदो रहेछ हेरौं न ।'

अध्यक्ष गुरुङले संघकै पदाधिकारीलाई समेत थाहा नदिई सल्लाहकार धनलाल जैसी र नवराज केसीलाई हटाएको आरोप छ । उनीहरूलाई बहुमत सदस्यको निर्णयले पदमुक्त गरिएको गुरुङको दाबी छ । 'मैले कुनचाहिँ निर्णय एकलौटी गरें ? प्रमाण ल्याउनुपऱ्यो नि । आरोप त सावित हुनपऱ्यो,' उनले भने, 'मैले एक्लै कसैलाई निकाल्ने अधिकार छैन । बहुमत कार्यसमितिको निर्णयले निकालेको हो ।'

यस विषयमा छलफल गर्न बुधबार सिफलस्थित संघको कार्यालयमा अध्यक्ष गुरुङ, महासचिव बस्नेतका साथै दुवै पक्षका गरी करिब ५० जना जति व्यवसायी भेला भएका थिए । यद्यपि उक्त भेलाबाट कुनै निचोड ननिस्किएको जनाइएको छ । सल्लाहकार जैसी र केसीले संघको नेतृत्वको विपरीतका गतिविधि गरेको जानकारी पाएकाले कारबाहीमा परेको गुरुङपक्षको भनाइ छ ।

■ ■ ■

# शैक्षिक सत्र...

सुझावका आधारमा विद्यालय सञ्चालन गर्दा सिकाइ उपलब्धि, विद्यार्थीको हित तथा शैक्षिक गुणस्तरलाई प्राथमिकता दिनुपर्ने निष्कर्ष फोरमले निकालेको छ । त्यसैगरी, फोरमले यस वर्ष विद्यालयहरूमा नयाँ भर्ना अभियान वैशाख ११ गतेदेखि सञ्चालन गर्न र वैशाख १५ गतेभित्र नियमित पठनपाठन सुरु गर्ने निर्णय गरेको छ । यस निर्णयअनुसार उपत्यकाभित्रका सबै पालिकाहरूलाई समन्वय गरेर अघि बढ्न आग्रह गरिएको छ ।

सूचनामा वर्तमान इन्धन संकट तथा सम्भावित आपूर्तिजन्य समस्यालाई पनि ध्यान दिनुपर्ने उल्लेख गरिएको छ । यस्तो अवस्थामा विद्यालय सञ्चालनमा अवरोध आउन सक्ने भन्दै वैकल्पिक उपायहरू, जस्तैः अनलाइन कक्षा सञ्चालनको तयारी गर्न पनि सम्बन्धित निकायलाई आग्रह गरिएको छ । शैक्षिक सत्रलाई व्यवस्थित, प्रभावकारी र विद्यार्थीमैत्री बनाउने उद्देश्यसहित यस्तो निर्णय गरिएको फोरमका अध्यक्ष महर्जनले बताए ।


**कतारमा रोजगार** कम्पनी : LIGHT AL GHARAFA TRADING CONTRACTING AND CLEANING

पूर्व स्वीकृति मिति : २०८२/०१/२६ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०१/०९ | LT. No. 323529 | चलानी नं. ६०२३७६१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUSINESS EXECUTIVE | 1 | 0 | 3500 | १४४.०९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | MASON BRICK/PLASTER | 1 | 0 | 1500 | ६१.७५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ वैशाख १७ गते (30th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AL-HARMAIN H.R. PVT. LTD.
Sinamangal-9, Kathmandu, Nepal, T: 01-4584810
Email:- info@alharmainhr.com.np, Web: www.alharmain.com.np
Govt.Lic. No 1160/073/74



**कतारमा रोजगार** कम्पनी : TRIPLET BEAUTY LOUNGE AND SPA

पूर्व स्वीकृति मिति : २०८३/०१/०९ | LT. No. 340948 | चलानी नं. ६०२४२४०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HAIRDRESSER (FEMALE) | ० | 1 | 1700 | ६९.७२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ वैशाख १७ गते (30th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NEPAL LIFE RECRUITMENT AGENCY PVT LTD
LIC No. 1476/074/75
Kalimatidol, Prakash Sanyas Ashram Marga, Kathmandu, Nepal
Tel: 015928095, E-mail : nepallifera1476.2017@gmail.com
CRITERIA: 12 Class Passed, 5 Years Experience on same field , Good Command on English Written and Speaking,Good Communication Skills in English



**युएइमा रोजगार** कम्पनी : SKYSCRAPER MIDDLE EAST TECHNICAL SERVICES CO.

पूर्व स्वीकृति मिति : २०८२/०५/२७ | LT. No. 330950 | चलानी नं. ६०२४५२८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 12 | 0 | 1500 | ६१,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ वैशाख १७ गते (30th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Recruitment Partners Pvt. Ltd.
(QATAR INTERNATIONAL MANPOWER PVT.LTD.)
Tokha Municipality-5, Kathmandu, Tel : 01-5914971, Email:- info@rpnepal.com
Govt.Lic. No. 1578/079/80



**ओमन/युएइमा रोजगार** कम्पनी : DAR AL FALAH INTERNATIONAL

पूर्व स्वीकृति मिति : २०८३/०१/०९ | LT. No. 340946 | चलानी नं. ६०२५४२८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician/Hairdresser/Manicurist Pedicurist/Beauty Therapist | 0 | 1 | 170 | ६६,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABEER SALON

पूर्व स्वीकृति मिति : २०८३/०१/०९ | LT. No. 340945 | चलानी नं. ६०२५४२८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Style | 0 | 2 | 1800 | ७३,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manicurist | 0 | 2 | 1800 | ७३,५५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ वैशाख १७ गते (30th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HR NEPAL SERVICES PVT. LTD.
Old Baneshwor, Kathmandu, Nepal., Tel: +977-01- 5921536
Mob: 9802343008, 9700699158, Email: hrnepalservices@gmail.com
श्रम इजाजत नं. १५४८/०७८/०७९



**स्कुटर हराएको सूचना**

मिति २०८३/०१/०२ गते अ.०२:०० बजेको समयमा भक्तपुर जिल्ला मध्यपुर ठिमी नगरपालिका वडा नं ०३, कौशलटार कुटुटोल स्थित टहराभित्र पार्किङ्ग गरेर राखेको बागमती प्रदेश ०२ ०६० प ६५६१ को TVS NTORQ-125 को स्कुटर हराएको हुदाँ पाउनु हुने महानुभावले निम्न ठेगाना वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

सवारी धनी: कस्मिक बचत तथा ऋण सहकारी संस्था लि.
ऋणी: केदारनाथ लम्साल
ईन्जिन नं.:AK3FS2910600
च्यासिस नं.:MD626BK32S2F11805
सम्पर्क नं.: 9840858688



**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १२ अंक ३५३ वैशाख ०९ गते २०८३ मा प्रकाशित Iconic Hr Consultant Pvt Ltd को Lot No. 337364 को Guppy Plastic Industries Sdn. Bhd. कम्पनीको विज्ञापनमा अन्तर्वार्ता मिति : वैशाख १६ (29th Apr. 2026) हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

ICONIC HR CONSULTANT PVT LTD
LIC 1760/081/082
Ganesh Basti, Maharajgunj-4, Kathmandu, Nepal. Tel: +977- 014548588
Official Mobile no: 9816572430, Satish Bk 976-1702070
E-mail: ram@iconic-hr.com, www.iconic-hr.com


## आजको राशिफल

ज्यो. गुरू अनन्त
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

बिहीबार, १० वैशाख, २०८२

| राशि | फल |
|---|---|
| मेष | आज ऊर्जा राम्रो छ । नयाँ काम सुरु गर्न ठीक दिन हो, तर हतारमा निर्णय नगर्नु राम्रो । |
| वृष | आर्थिक पक्ष बलियो हुन सक्छ । परिवारसँग समय बिताउँदा मन शान्त हुन्छ । |
| मिथुन | काममा व्यस्तता बढ्नेछ । सञ्चारमा ध्यान दिनुहोस् । गलतफहमी हुन सक्छ । |
| कर्कट | भावनात्मक रूपमा संवेदनशील दिन । आफ्नो स्वास्थ्य र आराममा ध्यान दिनुहोस् । |
| सिंह | आत्मविश्वास बढ्नेछ । नेतृत्व लिनुपर्ने अवस्था आउन सक्छ । |
| कन्या | साना-साना समस्याले तनाव दिन सक्छ । धैर्य राख्नु राम्रो हुन्छ । |
| तुला | सम्बन्धहरूमा सुधार आउने संकेत छ । साथीभाइसँग रमाइलो समय बित्न सक्छ । |
| वृश्चिक | काममा प्रगति हुने दिन । तर गोपनीय कुरा अरूसँग शेयर नगर्नुहोस् । |
| धनु | यात्रा वा नयाँ अवसरको सम्भावना छ । सकारात्मक सोचले फाइदा हुन्छ । |
| मकर | आर्थिक निर्णय सोचेर गर्नुहोस् । काममा स्थिरता आउनेछ । |
| कुम्भ | नयाँ विचार आउन सक्छ । क्रियात्मक बनाउने प्रयास गर्नुहोस् । |
| मीन | मन अलि चञ्चल हुन सक्छ । ध्यान वा योगले फाइदा गर्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१० वैशाख, २०८२ (२३ अप्रिल २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४९.३१ | १४९.९१ |
| युरो | १ को | १७५.६९ | १७६.३९ |
| पाउन्ड स्टिर्लङ | १ को | २०१.८४ | २०२.६६ |
| स्विस फ्रैन्क | १ को | १९१.५३ | १९२.३० |
| अस्ट्रेलियन डलर | १ को | १०६.९५ | १०७.३८ |
| क्यानाडियन डलर | १ को | १०९.३४ | १०९.७८ |
| सिङगापुर डलर | १ को | ११७.४२ | ११७.९० |
| जापानी येन | १० को | ९.३८ | ९.४२ |
| चिनियाँ युआन | १ को | २१.९१ | २१.९९ |
| साउदी अरब रियाल | १ को | ३९.८१ | ३९.९७ |
| कतारी रियाल | १ को | ४०.९६ | ४१.१२ |
| थाई भाट | ख १ को | ४.६६ | ४.६८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४०.६५ | ४०.८१ |
| मलेसियन रिङेट | १ को | ३७.७९ | ३७.९४ |
| दक्षिण कोरियन वन | १०० को | १०.१६ | १०.२० |
| स्विडिस क्रोनर | १ को | १६.३३ | १६.३९ |
| डेनिस क्रोनर | १ को | २३.५१ | २३.६० |
| हङकङ डलर | १ को | १९.०७ | १९.१४ |
| कुवेती दिनार | १ को | ४८७.३८ | ४८९.३४ |
| बहराइन दिनार | १ को | ३९५.८९ | ३९७.४८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# शिक्षित र सहरी क्षेत्रका घरपरिवारबाटै प्रसूति हिंसा बढी

■ प्रभाव संवाददाता

**काठमाडौं–** सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐनले सम्मानजक प्रसूति सेवाको व्यवस्था गरेको भए पनि गर्भावस्थाका महिलाहरू दुर्व्यवहार र हिंसाको शिकार बन्नुपरेको एक अध्ययनले देखाएको छ। महिला, कानुन र विकास मञ्च (एफडब्लुएलडी) ले गरेको 'नेपालमा गर्भावस्था, प्रसव र प्रसवोत्तर महिलाहरूले भोगेका दुर्व्यवहार, हिंसा र अधिकार उल्लंघनसम्बन्धी तथ्य अन्वेषण अध्ययन'मा यस्तो देखिएको हो।

एफडब्लुएलडीका अधिवक्ता दिपेश श्रेष्ठले प्रस्तुत गरेको तथ्य अन्वेषण अध्ययनमा गर्भवती, प्रसव र प्रसवोत्तर अवस्थाका एकतिहाइभन्दा बढी महिलाले हिंसा भोग्नुपरेको बताइएको छ। धेरैजसो गृहणी हिंसाको शिकार बनेको, परिवारका सदस्य, नातेदार, छिमेकी र श्रीमान् पीडक भएको, उल्लेख्यमात्रामा सेवा प्रदायकले पनि हिंसा गरेको पाइएको छ। यसैगरी भावनात्मक हिंसा, शारीरिक हिंसा र यौन हिंसामध्ये भावनात्मक हिंसा एकतिहाइभन्दा बढी हुने गरेको पाइएको छ भने ग्रामीण क्षेत्रको तुलनामा सहरी क्षेत्रका महिलामा बढी हिंसा भएको, मधेसका गर्भवती महिला र सुदूरपश्चिमका प्रसव र प्रसवोत्तरका महिलाहरूले बढी भावनात्मक हिंसा भोग्नुपरेको तथ्य अन्वेषणले देखाउँछ।

नेपालमा गर्भावस्था, प्रसव र सुत्केरी अवस्थामा महिलाहरूले भोग्नु परेका विभिन्न प्रकारका दुर्व्यवहार, हिंसा र अधिकार उल्लंघनहरूको प्रकृति पहिचान र विस्तृतरूपमा दस्तावेजीकरण गर्न र गर्भधारण, प्रसव र सुत्केरी अवस्थामा आत्मसम्मानपूर्वक उपभोग गर्न पाउने अवस्थाको सिर्जना गर्न कानुन तथा नीति, योजना र कार्यक्रमलाई सुधार र परिमार्जन गर्न सहयोग पुऱ्याउने उद्देश्यले तथ्य अन्वेषण गरिएको एफडब्लुएलडीका कार्यकारी निर्देशक अधिवक्ता सविन श्रेष्ठको भनाइ छ।

महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकामा बसोबास गर्ने ५६० गर्भवती, ५६० प्रसव र ५६० प्रसवोत्तरका एक हजार ६८० महिलामा तथ्य अन्वेषण गरिएको थियो। प्रस्तोता अधिवक्ता श्रेष्ठका अनुसार सातवटा प्रदेशका १४ जिल्लाका २८ वटा पालिकामा अध्ययन गरिएको थियो। प्रत्येक पालिकाबाट ६० महिला (२० गर्भवती, ४२ दिनभित्रका २० सुत्केरी र तीन महिनाभित्रका २० सुत्केरी) महिलालाई अध्ययनमा संलग्न गराइएको थियो।

३८.४ प्रतिशत गर्भवती, ३७.९ प्रतिशत प्रसव र ३५.९ प्रतिशत महिलाले हिंसा भोग्नुपरेको तथ्यांकले देखाउँछ। यसैगरी ३०.७ प्रतिशत गर्भवती, ३२.७ प्रतिशत प्रसव र ३० प्रतिशत प्रसवोत्तर महिलाले भावनात्मक हिंसा भोग्नुपरेको थियो। यस्तै ४.५ प्रतिशत गर्भवती, ३.२ प्रतिशत प्रसव र ४.५ प्रतिशत प्रसवोत्तर महिलाले शारीरिक हिंसा र १६.१ प्रतिशत गर्भवती, ९.५ प्रतिशत प्रसव र १६.४ प्रतिशत प्रसवोत्तर महिलाले यौनहिंसा भोग्नुपरेको तथ्यांकमा देखाइएको छ। गर्भवती, प्रसव र प्रसवोत्तर हिंसा गर्नेमा परिवारका सदस्य र नातेदार सबैभन्दा अगाडि देखिन्छन्।

## वातावरण पदूषण गर्ने १२ सवारीसाधन ट्राफिक प्रहरीको नियन्त्रणमा

**काठमाडौं (प्रस)–** काठमाडौं उपत्यकामा बढ्दो वायु प्रदूषण नियन्त्रणका लागि सक्रियरूपमा लागिपरेको ट्राफिक प्रहरीले बुधबार मापदण्डभन्दा बढी धुवाँ उत्सर्जन गर्ने १२ वटा सवारीसाधनलाई नियन्त्रणमा लिएको छ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय तथा काठमाडौं महानगरपालिकाको संयुक्त टोलीले उपत्यकाका विभिन्न स्थानमा गरेको विशेष चेकजाँच अभियानका क्रममा ती सवारीसाधनलाई नियन्त्रणमा लिइएको हो। ट्राफिक प्रहरीका अनुसार नियन्त्रणमा लिइएका सवारीसाधनमा निजी तथा सार्वजनिक दुवै प्रकारका सवारी रहेका छन्।

नियमितरूपमा सञ्चालनमा रहेका यस्ता सवारीले तोकिएको प्रदूषण मापदण्ड उल्लंघन गर्दै अत्यधिक धुवाँ फाल्ने गरेको पाइएपछि कारबाहीस्वरूप नियन्त्रणमा लिएर अहिले ती सवारीसाधनलाई काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय परिसरमा राखिएको उपत्यका ट्राफिक प्रहरी प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक नवराज अधिकारीले जानकारी दिए।

उनले भने, 'मापदण्डभन्दा बढी धुवाँ फालेर वातावरण प्रदूषण गर्ने सवारीसाधन नियन्त्रणमा लिएर आवश्यक कानुनी प्रक्रिया अघि बढाइन्छ। नियमअनुसार जरिवाना तथा प्राविधिक सुधारपछि मात्रै त्यस्ता सवारीसाधनलाई छाडिने छ।' उनले पछिल्लो समय काठमाडौं उपत्यकामा वायु प्रदूषणको स्तर बढ्दै गएकाले ट्राफिक प्रहरीले यसलाई नियन्त्रण गर्न विशेष अभियान सञ्चालन गरिरहेको पनि जानकारी दिए।


## ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लि. को भाखा नाघेको ऋण चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

**प्रथम पटक प्रकाशन मितिः २०८३/०१/१०**

यस संस्थाको ऋण कार्यविधी बमोजिम तपसिलमा उल्लेखित ऋणी सदस्यले उपयोग गरेको ऋण संस्थासँग ऋण लिने बेलामा गरेको लिखित सम्झौता भंग गरी संस्थालाई बुझाउनु पर्ने साँवा, व्याज तथा हर्जना रकम तिर्न बुझाउन नआई आलटाल गरेको र तिर्न बुझाउनका लागि पटक-पटक लिखित तथा मौखिक रूपमा तरताकेता गर्दा समेत वेवास्ता गरी अटेर गर्नु भएकोले सहकारी नियमावली २०७५ को नियम ३०(ख) बमोजिम यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ। अतः यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र संस्थामा सम्पर्क गरी संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज तथा हर्जना रकम तिर्न बुझाउनहुन सूचित गरिन्छ। अन्यथा सहकारी नियमावली २०७५ को दफा ३०(घ) बमोजिम ऋण सुरक्षणका लागि संस्थाको नाममा लेखिदिएको अचल सम्पत्ति लिलाम बिक्री गरी सम्पूर्ण लिनु पर्ने साँवा, व्याज, हर्जना र अन्य लाग्ने शुल्कहरु समेत असुलउपर गरिने व्यहोरा अवगत गराइन्छ।

तपसिल,

**कर्जा शिर्षकः उद्यमी कर्जा**

**ऋणीको विवरण**

**ऋणी सदस्यको नामः ओम कुमारी नेपाल** (ना.प्र.प.नं. २९०६, जि.प्र.का. नुवाकोट, जारी मितिः २०४४/११/२१)
बाबु/पतिको नामः नन्दीकेशर अधिकारी/ हेमनिधि नेपाल
ससुराको नामः धर्म दत्त नेपाल
ठेगानाः बेलकोटगढी न.पा. वडा नं. ७, नुवाकोट
हालको ठेगाना : महालक्ष्मी न.पा. वडा नं. ४, ईमाडोल, ललितपुर

**जमानीकर्ताहरूको विवरण**

**नाम : हेमनिधी नेपाल** (ना.प्र.प.नं. १४९४२/२२०, जि.प्र.का.नुवाकोट)
बाबुको नाम : धर्म दत्त नेपाल
बाजेको नाम : काशीनाथ नेपाल
ठेगानाः बेलकोटगढी न.पा. वडा नं. ७, नुवाकोट
हालको ठेगाना : महालक्ष्मी न.पा. वडा नं. ४, ईमाडोल, ललितपुर

**नाम : सुशिल नेपाल** (ना.प्र.प.नं.२५१०४६/५६), जि.प्र.का.नुवाकोट)
बाबुको नाम : हेमनिधि नेपाल
बाजेको नाम : धर्म दत्त नेपाल
ठेगानाः बेलकोटगढी न.पा. वडा नं. ७, नुवाकोट
हालको ठेगाना : महालक्ष्मी न.पा. वडा नं. ४, ईमाडोल, ललितपुर

**धितोको विवरण**

| न.पा./गा.वि.स./गा.पा. | | वडा नं. | | धितो सुरक्षण धनिको नाम | कित्ता नं. | क्षेत्रफल (रोपनी) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| साविक | हाल | साविक | हाल | | | | |
| ईमाडोल | महालक्ष्मी | ८ | ४ | ओम कुमारी नेपाल | २७४ | १२९.१० व.मी. | घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत पुरा। |

ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Jyotipunja
JYOTIPUNJA SAVING & CREDIT CO-OPERATIVE LTD.
नयाँ बानेश्वर, काठमाडौं, फोन ०१-४७९०९८५, ०१-४७९६३२७
कुमारीपाटी सेवा केन्द्र फोन नं. ०१-५४०८७७३, ०१-५४०८७७४
Email : credit.kumaripati@jyotipunja.coop.np
URL: www.jyotipunja.coop.np



## शिलबन्दी बोलपत्र सम्बनधी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८३/०१/१० गते**

ललितपुर जिल्लाका तपसिल बमोजिमका सामुदायिक वन क्षेत्रमा संकलन भएका वन पैदावार जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित मितिले २१ दिनभित्रमा बोलपत्र फारम खरिद गरी यसै कार्यालयमा २२औं दिन दिउसो १:०० बजेभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न सूचित गरिन्छ। बिस्तृत सूचना यस समूहको कार्यालय तथा डिभिजन वन कार्यालय ललितपुरको सूचना पाटीमा टाँस गरिएको व्यहोरा सूचित गरिन्छ

**तपसिल**

| सि.न | सामुदायिक वन समूहको नाम ठेगाना | प्रजाति | परिमाण |
|---|---|---|---|
| १ | कोतगाउँ सामुदायिक वन उपभोक्ता समूह, गोदावरी ०२, ललितपुर | खोटेसल्ला समेत | गो. थान १६१ को ५०१.८९ क्यू. फि. काठ |
| २ | काप्रेछाप सामुदायिक वन उपभोक्ता समूह, गोदावरी ०२, ललितपुर | उत्तिस समेत | गो. थान १९७ को ४२९.५२ क्यू. फि. काठ र १ चट्टा दाउरा |



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

## कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७९/११/०३ मा दर्ता भएको **हन लाईट प्राइभेट लिमिटेड (प्रा.लि.नं. ३०७२६३)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मितिः २०७९/०३/०३ मा दर्ता भएको प्रा.लि.नं. २९२५३७ को **कात्तिके हेल्थ केयर प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१२/२६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## विशेष दर्ता खारेज सम्बन्धी १ दिने सूचना

यस कार्यालयमा मितिः २०७८/०७/०७ मा दर्ता भएको प्रा.लि.नं. २७५२३३ को **एन सि.एस.आई. इन्टरनेशनल प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०१/०९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ क बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०१/१० गते**

यस कम्पनीको मिति २०८२/१२/२५ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **होरेव सेक्युरीटी फोर्स सर्भिस एण्ड वर्कर्स सप्लायर्स प्राइभेट लिमिटेड**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०१/०२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **सिल्दो न्हाल्दो ट्रेडिङ (प्रा.लि.नं. १६९८५१)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ।



## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८३ साल बैशाख महिना १० गते विहीबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीले साधारण कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं। सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ। साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपशिल**

**१) शाखा कार्यालय : पार्बतीपुर शाखा**

**ऋणीको विवरण**

आाशाराम चौधरीको नाति जनक प्रसाद चौधरीको छोरा चितवन जिल्ला कठार वडा नं. ६ हाल, भरतपुर म.न.पा. वडा नं. २२ बस्ने **बिक्रम चौधरी** (ना.प्र.नं. : २०९७/०३५ जारी मिति र जिल्ला : २०५१/०५/१५, चितवन)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) रामजी कुमार महतोको छोरी जनक प्रसाद चौधरीको बुहारी बिक्रम चौधरीको पत्नी चितवन जिल्ला कठार गा.वि.स. वडा नं. ६ हाल, भरतपुर म.न.पा. वडा नं. २२ बस्ने **शिव कान्ती चौधरी** (ना.प्र.नं. : ६२९७ जारी मिति र जिल्ला : २०५९/०९/२१, चितवन)

२) कमान सि.महतोको बुहारी हरी नारायण महतोको पत्नी चितवन जिल्ला पटीहानी वडा नं. १ हाल, भरतपुर म.न.पा. वडा नं. २२ बस्ने **सरिता महतो** (ना.प्र.नं. : ३५३०२३/५९६ जारी मिति र जिल्ला : २०६३/१०/१५, चितवन)

**२) शाखा कार्यालय : सुख्खड शाखा**

**ऋणीको विवरण**

छोटेलाल डगौराको नाति आशाराम डगौराको छोरा कैलाली जिल्ला खैलाड वडा नं. ९ हाल, घोडाघोडी न.पा. वडा नं. १ बस्ने **प्रकाश बहादुर डगौरा** (ना.प्र.नं. : ३१६९३ जारी मिति र जिल्ला : २०५६/०६/१३, कैलाली)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) आशाराम डगौराको बुहारी प्रकाश बहादुर डगौराको पत्नी कैलाली जिल्ला खैलाड वडा नं. ९ हाल, घोडाघोडी न.पा. वडा नं. १ बस्ने **फुलमती डगौरा** (ना.प्र.नं. : ६७२०३०/९५१ जारी मिति र जिल्ला : २०६४/०२/१७, कैलाली)

२) बगरु डगौराको नाति बिरेन्द्र डगौराको छोरा कन्चनपुर जिल्ला पिपलाडी गा.वि.स. वडा नं. २ हाल, कैलाली जिल्ला घोडाघोडी न.पा. वडा नं. १ बस्ने **ललित बहादुर चौधरी डगौरा** (ना.प्र.नं. : ५७७६७०४१ जारी मिति र जिल्ला : २०५८/११/१५, कन्चनपुर)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ



## कुवेतमा रोजगार

कम्पनी : **DAR GHANEMA GENERAL TRADING COMPANY** | शहर : **Kuwait**
पूर्व स्वीकृत मितिः २०८३/०१/०८ | चलानी नं.: ६०२५४२०३ | **LT.No.: 340874**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Head Chef - Commi -1 | 4 | 0 | सम्बन्धित काममा दक्ष | 160 | ७७,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |
| 2. | Service Crew | 2 | 2 | | 160 | ७७,९८० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ वैशाख १७ गते (30 April 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्न होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.**
Gov. Lic No. 1746 /081/82
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com



## कतारमा रोजगार

कम्पनी : **ABBAN CONTRACTING AND HOSPITALITY**
पूर्व स्वीकृति मिति : २०८१/१०/१० | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०१/०९ | LT. No. 317524 | चलानी नं. ६०२३१७९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Supervisor | 2 | 0 | 2500 | १,०२,६७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Safety Supervisor | 2 | 0 | 2500 | १,०२,६७३ | | | | | | | |
| 3. | Labour | 3 | 0 | 1000 | ४१,०६९ | | | | | | | |
| 4. | General Supervisor | 0 | 2 | 2500 | १,०२,६७३ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ वैशाख १७ गते (30th April 2026) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**Sulav Recruitment Pvt.Ltd.**
Govt. License No. 1336/074/075
Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : 01-5903011, Email: recruitment.sulav24@gmail.com, Website: www.hrsulav.com



## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मिति : २०८३/०१/१०

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय महेन्द्रचोक, विराटनगरबाट तपसिलमा उल्लेखित तपाई ऋणीले विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋण कर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले तपाई ऋणी श्री पवन कुमार झाको हकमा मिति २०८२/०२/३० गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ता समेतलाई सूचित गर्दा समेत ऋणी तथा व्यक्तिगत जमानीकर्ताले कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्यशिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय राजविराज, सप्तरीमा दिउँसो ४:०० बजे गोप्यशिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्यशिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुननसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

**तपसिल**

**१. कर्जा शीर्षक : सिटिजन्स मोर्गेज कर्जा र अन्य कर्जा**

**ऋणीको नाम र ठेगाना**
**नाम : पवन कुमार झा**
बाबु : रमेश झा
बाजे : दिवाकर झा
स्थायी ठेगाना : छिन्नमस्ता ५,सप्तरी
हालको ठेगाना : विराटनगर ३, मोरङ्ग
ना.प्र.प.नं. : ४३२४
जारी मिति : २०६०/०२/१५
जि.प्र.का. : सप्तरी

**जमानीकर्ताहरुको नाम र ठेगाना**

**१. नाम : रमेश झा**
बाबु : दिवाकर झा
बाजे : कुमरलाल झा
स्थायी ठेगाना : छिन्नमस्ता ५, सप्तरी
हालको ठेगाना : छिन्नमस्ता ३, सप्तरी
ना.प्र.प.नं. : १६-०१-७६-०१२४४
जारी मिति : २०७६/०१/२९
जि.प्र.का. : सप्तरी

**२. नाम : नरेश झा**
बाबु : दिवाकर झा
बाजे : कुमरलाल झा
स्थायी ठेगाना : छिन्नमस्ता ५, सप्तरी
हालको ठेगाना : छिन्नमस्ता ३, सप्तरी
ना.प्र.प.नं. : ८०९५४००८
जारी मिति : २०४५/०१/०४
जि.प्र.का. : सप्तरी

**३. नाम : सिमा कुमारी झा**
बाबु : कुमरनाथ झा
पति : पवन कुमार झा
स्थायी ठेगाना : छिन्नमस्ता ५, सप्तरी
हालको ठेगाना : विराटनगर ३, मोरङ्ग
ना.प्र.प.नं. : १६-०१-७१-०९१३८
जारी मिति : २०७१/१२/१२
जि.प्र.का. : सप्तरी

**४. नाम : नयन झा**
बाबु : नरेश झा
बाजे : दिवाकर झा
स्थायी ठेगाना : छिन्नमस्ता ५, सप्तरी
हालको ठेगाना : विराटनगर ३, मोरङ्ग
ना.प्र.प.नं. : १६१०५०/२८२
जारी मिति : २०६७/०८/२९
जि.प्र.का. : सप्तरी

**५. नाम : महानन्द झा**
बाबु : नरेश झा
बाजे : दिवाकर झा
स्थायी ठेगाना : छिन्नमस्ता ५, सप्तरी
हालको ठेगाना : विराटनगर ३, मोरङ्ग
ना.प्र.प.नं. : १६-०१-७०-०२०७४
जारी मिति : २०७०/०३/२१
जि.प्र.का. : सप्तरी

**६. नाम : सुनयना देवी झा**
बाबु : अमरकान्त मिश्र
पति : रमेश झा
स्थायी ठेगाना : छिन्नमस्ता ५, सप्तरी
हालको ठेगाना : छिन्नमस्ता ३, सप्तरी
ना.प्र.प.नं. : ३७७८
जारी मिति : २०४६/०३/२९
जि.प्र.का. : सप्तरी

**धितो राखिएको सम्पत्तिको विवरणः**
**धितो सुरक्षण धनीको नाम :– रमेश झा र नरेश झा**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं/ नक्सा सिट नं. | कि.नं. | क्षेत्रफल (बि.क.धु.) | जग्गाधनी | कैफियत |
|---|---|---|---|---|---|---|
| सप्तरी | सखडा | ५/५ख | ३६७ | ०-२-२-० | रमेश झा | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत। |
| सप्तरी | सखडा | ५/५ख | २३१ | ०-२-१०-० | रमेश झा र नरेश झा | |
| सप्तरी | सखडा | ५/५ख | २९६ | ०-५-०-० | | |
| सप्तरी | सखडा | ५/५ख | २९७ | ०-१-३१/२-० | | |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वाअन्य थप जानकारी लिन चाहनु हुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनलिलि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालय वा सिटिजन्स बैंक इन्टरनेसनल लि. शाखा कार्यालय राजविराज, सप्तरीमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।

**लिलाम खोलिने मिति :- २०८३/०१/२५ गते शुक्रबार**
**समय :- दिउँसो ४:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय राजविराज, सप्तरीमा।**

Citizens Bank
**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८
THE BANKER BANK OF THE YEAR 2024 NEPAL | THE BANKER BANK OF THE YEAR 2025 NEPAL

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## हतारको लोकप्रियता होइन व्यावहारिकतामा ध्यान देऊ

प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको वर्तमान सरकारले जनअपेक्षा र लोकप्रियतालाई ध्यानमा राखेर कतिपय साहसिक निर्णयहरू लिने प्रयास त गरेको छ, तर ती निर्णयहरूको धेय र धरातलबीच तालमेल नमिल्दा कार्यान्वयनको पाटो भने निकै फितलो देखिन थालेको छ । विशेषगरी शिक्षा क्षेत्रमा पछिल्लो समय देखिएको सरकारी निर्णयहरूको अवज्ञाले केन्द्रीकृत सोच र सरोकारवालासँगको संवादहीनतालाई छताछुल्ल पारेको छ ।

सबैभन्दा उदेकलाग्दो दृश्य शैक्षिक सत्र सञ्चालनको विषयमा देखिएको छ । संविधानले माध्यमिक शिक्षासम्मको अधिकार स्थानीय तहलाई प्रत्यायोजन गरिसकेको अवस्थामा शिक्षा मन्त्रालयले वैशाख १५ बाट भर्ना र २१ बाट कक्षा सञ्चालन गर्ने जुन निर्देशन जारी गऱ्यो, त्यसले संघीयताको मर्मलाई मात्र प्रहार गरेन, स्थानीय आवश्यकतालाई समेत नजरअन्दाज गऱ्यो । परिणामस्वरूप, उपत्यकाबाहिरका अधिकांश स्थानीय तहले संघको निर्देशनलाई लत्याउँदै आफ्नै तालिकाअनुसार पठनपाठन सुरु गरिसकेका छन् ।

यसैबीच, उपत्यका मेयर्स फोरमको पछिल्लो निर्णयले वालेन्द्र सरकारलाई झनै नैतिक र कानुनी संकटमा धकेलिदिएको छ । फोरमले वैशाख ११ बाट भर्ना र १५ बाट नियमित कक्षा सुरु गर्ने निर्णय गर्दै स्थानीय तहको संवैधानिक अधिकार र सर्वोच्च अदालतको आदेशलाई समेत स्मरण गराएको छ । काठमाडौं उपत्यकाकै स्थानीय सरकारहरूले संघीय सरकारको निर्णयलाई चुनौती दिनुले संघीय सरकारको समन्वयकारी क्षमता कति कमजोर छ भन्ने स्पष्ट पार्छ ।

शिक्षामात्र होइन, ग्यास आपूर्ति व्यवस्थापनमा आधा सिलिण्डरको नीति अव्यावहारिक भएको भन्दै व्यवसायीहरूले सोमबारदेखि भरी सिलिण्डर बिक्री गर्न थालेको छ । अर्को सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यमबाट मात्र प्रकाशन/प्रसारण गर्नुपर्ने विभेदकारी निर्णयले सरकार थप विवादमा तानिएको छ । यस निर्णयमा पनि सरकारले संघीयतामा मर्मलाई ख्याल नगरी तीन तहकै सरकार विज्ञापन निजी सञ्चारमाध्यमलाई रोक्ने निर्णय गऱ्यो । यो निर्णय पनि प्रदेश सरकारहरूबाट अवज्ञा भएका छन् ।

लोकप्रियताका लागि हतारमा निर्णय गर्ने र पछि त्यसलाई जबर जस्ती लाद्न खोज्ने प्रवृत्तिले लोकतन्त्र र संघीयता दुवैलाई कमजोर बनाउँछ । सरकारले बुझ्न जरुरी छ कि– निर्णयको सफलता त्यसको घोषणामा होइन, त्यसको सहज कार्यान्वयन र स्वीकार्यतामा निहित हुन्छ । यदि सरोकारवालापक्ष, निजी क्षेत्र र स्थानीय सरकार हरूलाई विश्वासमा नलिई 'हुकुमी' शैलीमा अघि बढ्ने हो भने वालेन्द्र सरकारका आगामी दिनहरू झनै चुनौतीपूर्ण हुने निश्चित छ । अबको आवश्यकता हतारको लोकप्रियता होइन, जिम्मेवार र समन्वयकारी शासकीय पद्धति हो ।

### श्रम सरोकार

## सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

**के-के छन् फाइदा ?**

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

**योगदान रकम कसरी जम्मा गर्ने ?**

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

**नियमित योगदान नगरे के हुन्छ ?**

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

# सामुदायिक विद्युतीकरणमा नीतिगत एवं व्यवस्थापकीय सुधारको पहल



❑ नारायण ज्ञवाली

> "नेपाल सरकारले अघि सारेको सुशासनको मार्गचित्रलाई व्यवहारमा उतार्दै सामुदायिक विद्युतीकरण क्षेत्रमा देखिएका समस्याहरूको समाधान तथा यसको प्रभावकारिता वृद्धि गर्न नीतिगत, कानुनी तथा बजेटीय तहबाट आवश्यक पहल गर्नुपर्ने हुन्छ । यसबाट ग्रामीण तथा दुर्गम क्षेत्रका करिब १५ प्रतिशत नागरिकले गुणस्तरीय, भरपर्दो र सुलभ विद्युत् सेवा प्राप्त गर्ने छन् । यस नवीन राजनीतिक परिवेशमा, जनताको नयाँ जनादेशसहित सरकार निर्माण भइरहेको सन्दर्भमा विगतका सकारात्मक पहलहरूलाई निरन्तरता दिँदै कमजोरीहरू सुधार गरी स्पष्ट मार्गचित्रका साथ अगाडि बढ्न आवश्यक छ ।

ऊर्जा क्षेत्रजस्तो दीर्घकालीन प्रभाव पार्ने क्षेत्रमा समन्वय, निरन्तरता र स्पष्ट नीति दिशा अपरिहार्य छ । दिगो ऊर्जा विकासका लागि संस्थागत स्थिरता, उत्तरदायी कार्यान्वयन र बहुपक्षीय सहकार्य अपरिहार्य आधार हुन् । यी तत्वलाई केन्द्रमा राख्दा विश्वास निर्माण हुन्छ र दीर्घकालीन प्रगति सुनिश्चित हुन्छ । नेपालमा जलविद्युत् उत्पादनको इतिहास एक शताब्दीभन्दा बढी (११४ वर्ष) पुरानो भए पनि अझैसम्म पूर्ण विद्युतीकरण हासिल हुनसकेको छैन ।

विशेषगरी ग्रामीण क्षेत्रमा सामुदायिक विद्युतीकरणमार्फत उज्यालो नेपाल बनाउने अभियानमा सामुदायिक संस्थाहरूले खेलेको भूमिका अत्यन्तै महत्त्वपूर्ण र प्रशंसनीय छ तर पनि विद्युत्सम्बन्धी स्पष्ट तथा सुदृढ कानुनको अभाव, संघीय संरचनाअनुसार प्रभावकारी विकेन्द्रीकरण हुन नसक्नु, गुणस्तरीय, नियमित र सर्वसुलभ विद्युत् सेवा सबै नागरिकसम्म पुग्न नसक्नुजस्ता चुनौतीहरू अझै विद्यमान छन् । जलस्रोतमा सम्पन्न राष्ट्र भएर पनि जलविद्युत्मा आत्मनिर्भर हुन नसक्नु हाम्रो प्रमुख कमजोरीका रूपमा रहेको छ ।

नेपाल सरकारले २०६० सालदेखि प्रारम्भ गरेको सामुदायिक विद्युतीकरण कार्यक्रम समुदायको आर्थिक सहभागिता तथा प्रत्यक्ष संलग्नतामा आधारित एक सफल नमूना कार्यक्रमका रूपमा स्थापित भएको छ । नेपाल विद्युत् प्राधिकरणअन्तर्गत सामुदायिक ग्रामीण विद्युतीकरण विभागमार्फत कार्यान्वयन र समुदायबाट व्यवस्थापन भइरहेको यो कार्यक्रम हालसम्म ५५ जिल्लामा ३०२ वटा संस्थामार्फत करिब छ लाख घरधुरीमा विद्युत् सेवा विस्तार गरिएको छ । संरचना निर्माणमा समुदायको प्रत्यक्ष संलग्नतासहित दुई अर्ब रूपैयाँभन्दा बढी लगानी भइसकेको छ । यसरी समुदायको स्वामित्व र सहभागितामा सञ्चालन भएको यो कार्यक्रम नेपालकै एक उत्कृष्ट तथा अनुकरणीय नमूना कार्यक्रमका रूपमा स्थापित भएको छ ।

सामुदायिक विद्युतीकरण कार्यक्रमले ग्रामीण तथा दुर्गम क्षेत्रहरूमा विद्युत् पहुँच विस्तारमात्र होइन, स्थानीय आर्थिक तथा सामाजिक विकासमासमेत महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । कार्यक्रममार्फत तीन हजारभन्दा बढी प्रत्यक्ष तथा तीन हजार ५०० भन्दा बढी अप्रत्यक्ष रोजगारी स्थानीयस्तरमै सिर्जना भई व्यवस्थापन गरिएको छ । साथै, स्थानीय सहभागितामार्फत विद्युत् चुहावट नियन्त्रण, सेवा गुणस्तर सुधार तथा सरल, सहज र प्रभावकारी घरदैलो सेवा प्रवाह सुनिश्चित गरिएको छ । उज्यालो नेपाल अभियानमासमेत यस कार्यक्रमको विशेष योगदान उल्लेखनीय रहेको छ ।

यसै सन्दर्भमा, देशभर सामुदायिक विद्युतीकरण कार्यक्रम सञ्चालन गरिरहेका सामुदायिक संस्थाहरूको छाता संस्थाको रूपमा सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासंघ, नेपाल क्रियाशील रहेको छ । महासंघले सामुदायिक संस्थाहरू, नेपाल सरकार, नेपाल विद्युत् प्राधिकरण तथा राष्ट्रिय/अन्तर र्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरूबीच समन्वयकारी भूमिका निर्वाह गर्दै सहकार्य, सहजीकरण तथा अनुभव आदानप्रदानको प्रभावकारी पुलको रूपमा काम गर्दै आएको छ । यस संस्थामार्फत सामुदायिक विद्युतीकरण कार्यक्रमलाई थप व्यवस्थित, दिगो र प्रभावकारी बनाउने दिशामा महत्त्वपूर्ण योगदान पुगिरहेको छ । तथापि, यस कार्यक्रमले नीतिगत, कानुनी तथा व्यावहारिक तहमा विभिन्न चुनौतीहरू भोग्दै आएको अवस्था विद्यमान छ । यस सन्दर्भमा, सामुदायिक विद्युतीकरण कार्यक्रमको दिगो विकास तथा प्रभावकारी सञ्चालनका लागि निम्न विषयहरूमा नीतिगत तथा बजेटीय व्यवस्थापन आवश्यक रहेको छः

### नीतिगत तथा कानुनी स्पष्टताः

सामुदायिक विद्युतीकरण कार्यक्रमलाई स्पष्ट कानुनी आधार प्रदान गर्दै विकेन्द्रित प्रणालीमार्फत सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउने व्यवस्था गर्न आवश्यक रहेको छ । जसका लागि विद्युत् ऐन पटक-पटक संसद्मा प्रवेश गरेता पनि हाल विचाराधीन रहेको छ ।

### विनियमावली संशोधनः

हाल सञ्चालनमा रहेका सामुदायिक विद्युतीकरणसम्बन्धी विनियमहरूलाई समयानुकूल परिमार्जन गरी सरोकारवालाहरू तथा विद्युत् महासंघको सहभागितामा आवश्यक संशोधन गर्नुपर्ने छ । नेपाल विद्युत् प्राधिकरणमा सामुदायिक विद्युत् विनियमावली संशोधन गर्न कार्यदलको गठन भएता पनि कार्य अघि बढ्न सकेको छैन ।

### विद्युत् महसुल संरचनाः

व्यावहारिक, पारदर्शी र न्यायोचित महसुल प्रणाली निर्माण गरी समुदायका उपभोक्ताहरूलाई सहज सेवा सुनिश्चित गर्नुपर्छ र सामुदायिक संस्था पनि दिगो रूपमा सञ्चालन हुनसक्ने प्रकारको महसुल संरचना आवश्यक छ । पटक-पटक विज्ञ प्रतिवेदन, सामुदायिक संस्थाको माग, अन्तरक्रिया छलफल भएता पनि महसुलमा पुनरावलोकन हुन सकेको छैन । विद्युत् बिक्री दरभन्दा खरिद दर महँगो हुँदा कृषि तथा खानेपानीमा समस्या छ, साथै सेवा शुल्क अन्यायपूर्ण छ ।

### बजेट तथा लगानी सुनिश्चितताः

कार्यक्रमलाई सुरक्षित, भरपर्दो र दिगो बनाउन पर्याप्त बजेट व्यवस्था गरी प्रणाली सुदृढीकरण तथा ऊर्जा उपयोगलाई प्रोत्साहन गर्न आवश्यक छ । सामुदायिक संस्थाहरूले प्रणाली सुदृढीकरण गर्न १० प्रतिशत सहभागिता रकमसहित प्रस्ताव पेस गरेका छन् । नेपाल सरकारबाट विनियोजित बजेटको अभावमा काम हुनसकेको छैन, जसबाट समुदायमा गुणस्तरीय विद्युत् प्रवाह गर्न समस्या परेको छ ।

### निर्माण तथा व्यवस्थापन प्रणालीः

साना-ठूला निर्माण कार्यहरूमा स्थानीय उपभोक्ताको सहभागिता बढाई छिटो, गुणस्तरीय र प्रभावकारी कार्यान्वयन सुनिश्चित गरिनु आवश्यक छ । विद्यमान सार्वजनिक खरिद ऐनले दिएको सीमाभित्र उपभोक्ताहरूलाई निर्माण कार्यमा सहभागी बनाउनु आवश्यक छ । यस सम्बन्धमा ट्रान्सफर्मर अपग्रेडलगायतका साना कामहरूमा निर्माण व्यवसायीको प्राथमिकता नरहने, पटक-पटक बोलपत्र आह्वान गर्दासमेत निर्माण व्यवसायी तयार नहुने गर्दा स-साना कामहरू उपभोक्ता समितिमा रहेको जनशक्तिको मूल्यांकनको आधारमा तय गरी गुणस्तर नियन्त्रणको काम प्राधिकरणबाट हुनेगरी गरिनु अपरिहार्य छ ।

सामुदायिक लगानीको मान्यताः समुदायले विद्युत् संरचना निर्माणमा गरेको लगानीलाई हालसम्म प्राधिकरणमा पुँजीकरण गरिएको भएता पनि समुदायको स्वामित्वको स्पष्ट मान्यता नपाएको अवस्थामा उक्त लगानीलाई औपचारिकरूपमा मान्यता दिई संस्थागत स्वामित्व सुनिश्चित गर्ने नीति आवश्यक छ । समुदायले विद्युत् सहकारी संस्थामा सेयरको रूपमा लगानी गरेको, लगानी गरेको रकम प्राधिकरणमार्फत विद्युत् संरचनामा खर्च भई प्राधिकरणले पुँजीकरण गरेको अवस्थामा समुदायले सहकारीमा जम्मा गरेको रकमले थप विवाद सिर्जना गरेकोले समुदायबाट लगानी गरेको रकमलाई प्राधिकरणले उत्पादन कम्पनीहरूमा सेयरको रूपमा राखी समुदायको लगानीको सुनिश्चितता गरिनु आवश्यक छ ।

नेपाल सरकारले अघि सारेको सुशासनको मार्गचित्रलाई व्यवहारमा उतार्दै सामुदायिक विद्युतीकरण क्षेत्रमा देखिएका समस्याहरूको समाधान तथा यसको प्रभावकारिता वृद्धि गर्न नीतिगत, कानुनी तथा बजेटीय तहबाट आवश्यक पहल गर्नुपर्ने हुन्छ । यसबाट ग्रामीण तथा दुर्गम क्षेत्रका करिब १५ प्रतिशत नागरिकले गुणस्तरीय, भरपर्दो र सुलभ विद्युत् सेवा प्राप्त गर्ने छन् । यस नवीन राजनीतिक परिवेशमा, जनताको नयाँ जनादेशसहित सरकार निर्माण भइरहेको सन्दर्भमा विगतका सकारात्मक पहलहरूलाई निरन्तरता दिँदै कमजोरीहरू सुधार गरी स्पष्ट मार्गचित्रका साथ अगाडि बढ्न आवश्यक छ ।

वर्तमान सरकारबाट देशमा सुशासन, दिगो विकास र स्थायी शान्ति स्थापना गर्दै आम नेपालीले प्रत्यक्ष महसुस गर्ने गरी प्रभावकारी सरकारी सेवा प्रवाह हुन सकोस् भन्ने अपेक्षा गरेका छन् । आयातीत विद्युत्बाट लोडसेडिङको अन्त्य गरिएको, सामुदायिक संस्थाहरूको कामचलाउ विद्युतीकरण संरचनाको भरमा विद्युत् पहुँच ९८ प्रतिशत पुऱ्याइएको, आधारहीन आधारमा विद्युत् महसुल छुट गरी विद्युत्को उपभोगलाई पहुँचयोग्य बनाइएको भनिएको भए पनि पर्याप्त उत्पादन, भरपर्दो प्रसारणलाइन र विद्युतीकरण, सबैका लागि वास्तविक पहुँच र वैज्ञानिक शुल्क निर्धारण आज पनि चुनौतीको विषय हुन् । यी चुनौतीहरूको समाधानतर्फ पनि वर्तमान सरकारब ाट ठोस पहल हुने अपेक्षा गरिएको छ ।

नेपालमा सशस्त्र द्वन्द्व भई विकास निर्माण तथा कर्मचारीहरू ग्रामीण क्षेत्रमा गई सेवा दिन र विद्युत् विस्तार गर्न नसकेको अवस्थामा सामुदायिक संस्थामार्फत सामुदायिक विद्युतीकरण गरी पूर्णविद्युतीकरण गर्न सहयोगी भूमिका खेलेका सामुदायिक संस्थाहरूलाई अवमूल्यन होइन, राज्यबाट उचित मूल्यांकन गरी यस कार्यक्रमको प्रभावकारिताको लागि आवश्यक नीति तर्जुमा गर्नुपर्छ । माथि उल्लिखित विषयवस्तुहरूलाई समेटी सामुदायिक विद्युतीकरण कार्यक्रमको प्रभावकारी कार्यान्वयन र नीतिगत सुधारका लागि विशेष आग्रहका साथ महासंघको तर्फबाट प्रधानमन्त्री वालेन्द्र शाह र ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्रीलाई मागपत्र पनि बुझाइएको छ । सरकारका सुशासनका १०० मार्गचित्र अभियानको प्रशंसा गर्दै राज्यलाई थप जनमैत्री बनाउने विश्वास व्यक्त गरेको छ । *रासस*

*(लेखक सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासंघ, नेपालका अध्यक्ष हुन्)*

# भाषा, धर्म र संस्कृतिः समृद्धिका अपरिहार्य आधार

❑ विष्णुचन्द्र गौतम

> "हाम्रा आफ्नै स्रोत साधनहरूको प्रयोग गर्ने प्रेरणा हामी हाम्रो धर्म, संस्कृति र भाषाबाट प्राप्त गर्छौं । आफू स्वाभिमान र आत्मनिर्भर बन्ने सन्देश पनि हामी हाम्रै संस्कृतिबाट प्राप्त गर्छौं । पुर्खाहरूले आफू बिरामी हुँदा यहीँका झार, जंगल र जडीबुटी प्रयोग गर्दथे । पुर्खाहरूले अपनाएका यी र यस्ता अभ्यासहरू नै आजका हाम्रा संस्कृतिका उदाहरण हुन् ।

भाषा अभिव्यक्तिको माध्यम हो, धर्म सत्यताको बाटो हो अनि संस्कृति जीवनशैली र जनविश्वासको आधार हो । भाषा, धर्म र संस्कृतिको एउटा गन्तव्य समृद्धि हो । भाषाको विकासविना धर्म र संस्कृतिको विकासले सगरमाथाको शिखर चुम्न सम्भव छैन । त्यस्तै गरी यो तीन वटैको संरक्षण र विकासविना जति नै ठूला-ठूला कुरा वा तर्क गरे पनि वास्तविकतामा समृद्धि 'आकाशको फल, आँखा तरी मर' मात्र बन्दछ । संसारमा त्यस्तो कुनै देश छैन जुन आफ्नो धर्म, संस्कृति र भाषा बिर्सिएर समृद्धिको उच्चतम् बिन्दुमा पुगेको होस् । विश्वमा त्यस्तो कुनै गाउँ छैन जहाँ उन्नति प्रगति, संस्कृति र परम्परालाई आत्मसात् नगरीकन अगाडि बढेको होस् । जापान, बेलायत, इटाली, फ्रान्स आदिजस्ता शक्तिशाली देशहरूमा आफ्नो भाषा, धर्म र संस्कृतिको राम्रो संरक्षण गरिएको छ । त्यसैले यी देशहरू समृद्धिको टाकुरामा पहिले नै पुगिसकेका छन् । आफ्नो धर्म, संस्कृति र भाषा बिर्सनु भनेको विनाशतर्फ लम्कनु हो ।

विश्वव्यापीकरण, प्रविधिको विकास, पश्चिमी सभ्यताको प्रभाव र भौतिकवादी सोच र अभ्यासका कारण पुरातन भाषा, धर्म र संस्कृति अप्ठ्यारोमा पर्दै आएका छन् । नेपालजस्ता देशहरूको सभ्यता र संस्कृतिका लागि कठिन समयको सुरुआत भइसकेको आभाष भएको छ । यसको पछाडि धेरैवटा कारणहरू भएता पनि आयातीत शिक्षा र ज्ञान प्रमुख कारण हो । विगत केही वर्षदेखि दिइएको विद्यालय र कलेज तहको शिक्षाले आफ्नो माटो, बाटो, र भिरपाखा पखेराहरू चिनाउन सकेन । हामीहरू को हौं भन्ने नै बुझाउन सकेन । फलस्वरूप विदेश मोह बढ्दै गयो र पुरातन धर्म संस्कृति र भाषाहरू ओझेलमा पर्दै गए । एकथरी विद्वानहरूले पुरातन भाषा, धर्म र संस्कृतिलाई विकासको बाधक भनी अर्थ लगाइदिए । विकास र समृद्धिको अर्थलाई पश्चिमीकरण गरिदिए । यस्ता विचारहरूले नेपाली समाजको पश्चिमीकरणका लागि भने अवश्य पनि मलजल गरे । पश्चिमीकरण हुनु भनेको आधुनिक हुनु नभई विकृत हुनु हो, किनकि यस प्रक्रियामा आफूलाई हामीले बिर्सन्छौं र अरुलाई मात्र सर्वश्रेष्ठ ठान्छौं ।

आजको दुनियाँमा यो बुझ्न जरुरी छ कि भाषा, धर्म र संस्कृति समृद्धिका आधार हुन् । विकासका साधक हुन्, बाधक होइनन् । प्रसिद्ध भारतीय कवि रविन्द्रनाथ टेगोरेको भनाइमा संस्कृति केवल कला र परम्परा होइन, यो मानिसको सोच, भाव र जीवनको मूल्य हो । संस्कृति नभएको समाज अस्थिर हुन्छ । भाषा, धर्म र संस्कृतिले समाजलाई सम्पन्न तुल्याउँदछ । समाज विकासका लागि एकता, मेलमिलाप र भाइचारा जरुरी हुन्छ । आपसमा समझदारी र सहयोगको भावना भएको समाजमात्र प्रगतिको बाटोमा अगाडि बढ्न सक्छ । विकासका लागि आवश्यक पर्ने यस्ता गुणहरू धर्म र संस्कृतिले सिकाउँदछन् । हाम्रो आफ्नै भाषा, धर्म र संस्कृतिलेमात्र आन्तरिक र बाहृय पर्यटनको विकास गराउँछ । गरिबी घटाउन र रोजगारीका अवसरहरूको सिर्जना गर्न पर्यटन पनि आवश्यक हुन्छ । उद्यमशीलता देशको उन्नतिका लागि अपरिहार्य र अनिवार्य हुन्छ । कर्मशील बन्नुपर्छ भन्ने सन्देश हाम्रो धर्म र संस्कृतिले दिएका छन् ।

हाम्रा आफ्नै स्रोत साधनहरूको प्रयोग गर्ने प्रेरणा हामी हाम्रो धर्म, संस्कृति र भाषाबाट प्राप्त गर्छौं । आफू स्वाभिमान र आत्मनिर्भर बन्ने सन्देश पनि हामी हाम्रै संस्कृतिबाट प्राप्त गर्छौं । पुर्खाहरूले आफू बिरामी हुँदा यहीँका झार, जंगल र जडीबुटी प्रयोग गर्दथे । पुर्खाहरूले अपनाएका यी र यस्ता अभ्यासहरू नै आजका हाम्रा संस्कृतिका उदाहरण हुन् ।

हाम्रो देशको समृद्धि आयतीत ज्ञान, विज्ञान र वस्तुहरूबाट मात्र कदापि सम्भव छैन । अरुले गरेका कार्यहरू मात्र सिकेर र अरुकै शैली, तरिका अपनाएर सम्पन्नताको सपना पूरा हुँदैन । अरुका विधि विधान, ज्ञान, प्रविधि र ढाँचा हाम्रो बाटो, माटो, पाखा पखेरा सुहाउँदा हुँदैनन् । त्यसैले हाम्रो समृद्धि हाम्रा भाषा, धर्म र संस्कृति बिर्सेर होइन, संरक्षण गेरेरमात्र सम्भव छ । विश्वका समृद्ध देशहरूको उदाहरण हेर्नुहोस्- जापान, चीन, फ्रान्स, बेलायत, कोरिया, आदि आफ्नै धर्म, भाषा र संस्कृति अपनाएर विकसित भएका छन् । जबसम्म आफ्नो धर्म, भाषा र संस्कृतिलाई कम आँक्छौ तबसम्म समृद्धिको कामना पूरा हुँदैन । धर्म र संस्कृतिले देशको माया गर्न सिकाउँछ । राष्ट्रभक्तिको भावना बढाउँछ । हाम्रो समृद्धि त्यति बेलामात्र प्राप्त हुन्छ, जतिबेला हामी हाम्रो धर्म, संस्कृति र भाषालाई गौरव ठानेर अगाडि बढ्छौं । हाम्रो समृद्धिको सपनालाई साकार तुल्याउन नारा भटचाएर होइन, हाम्रै माटो, बाटो र भीरपाखा पखेराअनुसार अगाडि बढेरमात्र सम्भव छ ।

# ढुंगा ढुंगामा कोरिँदै मूर्तिकला



**मुस्ताङ–** घरपझोङ गाउँपालिकाको आयोजनामा १५ दिने घरपझोङ मूर्तिकला कार्यशाला जारी छ। ललितकला प्रज्ञा प्रतिष्ठान काठमाडौंको सहकार्यमा मूर्तिकला कार्यशाला आयोजना गरिएको हो।

मुस्ताङ जिल्लाको समग्र धार्मिक तथा सांस्कृतिक सम्पदा एवं यहाँको मौलिकता, रहनसहन, जैविक विविधतालाई झल्काउनेगरी मूर्तिकलामार्फतबाट पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित मूर्तिकला कार्यशाला गरिएको हो। कालीगण्डकी नदीमा पाइने विशाल ढुंगालाई बाहिर निकालेर मूर्तिकारहरूले यहाँको मौलिकता झल्किने सृजनालाई मूर्तिकलाको स्वरूपमा बदल्ने भएका छन्।

कालगण्डकी नदीमा पाइने ढुंगालाई छनोट गरी मूर्तिकला कुद्न दर्जनौं ढुंगामा जोमसोममा एकत्रित गरी संकलन गरिएको छ। सीमित स्रोतमात्रै उपलब्ध भएकाले अपेक्षा गरेअनुरूपका ढुंगाहरू संकलन गर्न सकिएको छैन। घरपझोङ गाउँपालिकाले संकलन गरी राखेका कालीगण्डकी विशाल ढुंगामा विभिन्न प्रकारका मूर्तिहरूको आकृति कोरिने योजना रहेको छ।

घरपझोङ मूर्तिकला कार्यशालाका लागि ललितकला प्रज्ञा प्रतिष्ठानको समन्वयमा २१ मूर्तिकार र एक दर्जन बढी सहयोगी मूर्तिकार मुस्ताङ आई पुगेर काम सुरु गरिसकेको ललितकला प्रज्ञा प्रतिष्ठानका मूर्तिकला विभाग प्रमुख दिनेश्वर महतोले जानकारी दिए। कालीगण्डकी नदीका ढुंगाहरूमा यहाँको जीवन्त मौलिक कलासंस्कृतिलाई मूर्तिकलामार्फत उजागर गरिने प्रमुख महतोले बताए।

यहाँको मौलिक पहिचान र कलाकारको सृजनालाई मूर्तिकलाको माध्यमबाट मूर्तरूप दिइने छ। धार्मिक तथा पर्यटकीय जिल्लाको रूपमा रहेको मुस्ताङलाई यहाँको पर्यटन विकासमा योगदान पुग्ने गरी १५ दिने कार्यशालाले ठूलो टेवा पुर्‍याउन सक्ने प्रमुख महतोको भनाइ छ।

घरपझोङ मूर्तिकला कार्यशाला २१ वैशाखसम्म चल्ने छ। ढुंगामा कुँदिने मूर्तिकलाबाट यहाँको भगवान् विष्णुको स्वरूप शालिग्राम, भगवान् नारायण, बुद्ध र गुरु पद्मसम्भव अर्थात् गुरु रिन्पोछो, घरपझोङको पहिचान घरपझोङ किल्लाको आकृति कोरिने बताइएको छ।

यसैगरी कालीगण्डकी नदीका ढुंगाहरूमा यहाँको धर्म संस्कृति, रहनसहन, हिउँचितुवा, याकचौंरीलगायतका यहाँको पर्यावरणको सम्पूर्ण प्रतिनिधित्व झल्काउनेगरी मूर्तिकारहरूले आफ्नो सृजना पस्किने प्रमुख महतोले उल्लेख गरे। यहाँको मूर्तिकला कार्यशालामा कार्य अवधिभर २१ ठूला आकारका ढुंगामा मूर्तिकला सृजना प्रस्तुत हुने छन्। यसका अलावा तोकिएको अवधिभन्दा अघि नै ढुंगामा मूर्तिकलाको काम सकिएमा थप अरु ढुंगाहरूमा क्रमशः मूर्तिकला कुँद्ने लक्ष्य राखिएको छ। घरपझोङ मूर्तिकला कार्यशालाले मुस्ताङको पर्यटन प्रवर्द्धनमा ठूलो योगदान पुर्‍याउने गाउँपालिका अध्यक्ष मोहनसिंह लालचनले बताए।

मुस्ताङको कालीगण्डकी नदीमा पाइने सबै ढुंगाहरू स्वतः शालिग्राम रहेको उल्लेख गर्दै अध्यक्ष लालचनले पर्यटकहरूको घुमफिर गर्ने, बसाइँ लम्याउने उद्देश्यले मूर्तिकला कार्यशाला चलाइएको बताए। मुस्ताङमा अधिकांश धार्मिक पर्यटक हिन्दू धर्मालम्बीको रहेकाले यहाँको पवित्र ढुंगा (शिला) मा हिन्दू तथा बौद्ध धर्मको समान अस्तित्व रहनेगरी मूर्तिकारले आफ्ना सृजना कोर्ने कार्यक्रम रहेको छ। कोरलानाका, उपल्लो मुस्ताङ र मुक्तिनाथ दर्शन गरी फर्किने पर्यटकहरू सीधै गन्तव्यतर्फ प्रस्थान गर्ने भएकाले मूर्तिकलाको प्रस्तुतीले पर्यटकहरूको बसाइँ लम्याउन सहयोग पुग्ने विश्वास गरिएको छ। घरभफोङ गाउँपालिका कार्यालय नजिकैको खुला प्रांगणमा मूर्तिकला सुरु गरिएको छ। *रासस*

# बजेटमा सञ्चार क्षेत्रलाई प्राथमिकतामा राख्ने मुख्यमन्त्री आचार्यको प्रतिबद्धता

## संघीय सरकारको पछिल्लो परिपत्रले कुनै अवरोध नगर्ने भनाइ

■ प्रभाव संवाददाता

**लुम्बिनी–** लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेश सरकारको सञ्चार क्षेत्र र वार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयनमा संघीय सरकारको पछिल्लो परिपत्रले कुनै अवरोध नगर्ने स्पष्ट पारेका छन्।

नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेश समितिसँग बुधबार भएको छलफलमा मुख्यमन्त्री आचार्यले प्रदेश सरकार आफ्नै सञ्चार नीति, कार्यक्रम र प्राथमिकताका आधारमा अघि बढ्ने बताएका हुन्। उनले स्वीकृत वार्षिक कार्यक्रम प्रभावकारीरूपमा कार्यान्वयन गर्न सम्बद्ध निकायलाई निर्देशन दिइसकेको पनि जानकारी दिए।

मुख्यमन्त्री आचार्यले प्रदेश सरकार सञ्चारमैत्री रहेको उल्लेख गर्दै लोकतन्त्र सुदृढ बनाउन सञ्चार क्षेत्रको भूमिका महत्त्वपूर्ण हुने बताए। निरंकुश शासनविरुद्धका आन्दोलनमा मिडियाले नेतृत्वदायी भूमिका खेलेको स्मरण गर्दै उनले लुम्बिनी प्रदेशले बजेट निर्माणका क्रममा सञ्चार क्षेत्रलाई प्राथमिकतामा राखेको बताए।

कार्यक्रममा आन्तरिक मामिला तथा कानुनमन्त्री आदेशकुमार अग्रवाल, प्रमुख सचिव कृष्णप्रसाद काप्रीलगायतले पनि आफ्नो धारणा राखेका थिए। छलफलमा सहभागी नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेश समितिका अध्यक्ष शुक्रऋषि चौलागाईंले निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन रोक्ने निर्णय तथा परिपत्र तत्काल फिर्ता लिन माग गरे।

महासंघकोतर्फबाट प्रदेश सरकारलाई बुझाइएको ज्ञापनपत्रमा सरकारको उक्त निर्णय संविधान, कानुन, अन्तर्राष्ट्रिय मूल्यमान्यता तथा प्रेस स्वतन्त्रताको मर्मविपरीत रहेको उल्लेख गरिएको छ।

महासंघका अनुसार लुम्बिनी प्रदेशका १२ जिल्ला शाखामा करिब एक हजार २०० पत्रकार आबद्ध छन्। सरकारी विज्ञापनलाई सरकारी सञ्चारमाध्यममामात्र सीमित गर्ने निर्णयले निजी मिडियालाई आर्थिक रूपमा कमजोर बनाउने, स्वतन्त्र पत्रकारितामाथि दबाब सिर्जना गर्ने र आत्मसेन्सरसीप बढाउने जोखिम रहेको महासंघको ठहर छ।

ज्ञापनपत्रमा देशभरका रेडियो, पत्रपत्रिका, टेलिभिजन र अनलाइन मिडियाको अस्तित्व संकटमा पर्नसक्ने तथा हजारौं पत्रकार, कर्मचारी र श्रमिकको रोजगारी जोखिममा पर्ने उल्लेख गरिएको छ। आवको नौ महिना बितिसक्दा पनि सञ्चार क्षेत्रका लागि विनियोजित बजेट कार्यान्वयनमा नआएकोप्रति पनि महासंघले चिन्ता व्यक्त गरेको छ।

महासंघले सरकारी विज्ञापन वितरण प्रणाली पारदर्शी, समानुपातिक र समावेशी बनाउनुपर्ने माग गर्दै निजी, सामुदायिक र सरकारी सबै सञ्चारमाध्यममा न्यायोचित वितरण सुनिश्चित गर्न आग्रह गरेको छ। साथै सञ्चार क्षेत्रको संरक्षण र प्रवर्द्धनका लागि दीर्घकालीन नीति निर्माण गर्न सरकारसँग माग गरिएको छ।

कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य लीला शाह, राष्ट्रिय टेलिभिजन प्रसारण संघ लुम्बिनीका पूर्वध्यक्ष नरेश केसी, सामुदायिक रेडियो प्रसारक संघ लुम्बिनीका अध्यक्ष नवीन केसी, नेपाल पत्रकार महासंघ रूपन्देही शाखा अध्यक्ष दिनेश पाण्डेलगायतले प्रदेश सरकारले चालु आवको बजेटमै विनियोजन गरेका सञ्चार क्षेत्रको बजेटसमेत कार्यान्वयन हुन नसक्दा सञ्चारमाध्यम थप आर्थिक संकट पर्ने अवस्था आएकाले तत्काल कार्यान्वयनको प्रक्रिया थाल्न आग्रह गरेका थिए।

# बाँकेमा विपद् व्यवस्थापनमा नयाँ अभ्यास

**नेपालगञ्ज (बाँके)–** बाँकेको नेपालगञ्जमा 'फायर बाइक'देखि स्वयंसेवकसम्म विपद् व्यवस्थापनमा नयाँ अभ्यास गरिएको छ।

'विपद् जोखिम र व्यवस्थापनमा मिडिया वकालत' विषयक अन्तक्रियामा सो अभ्यास भएको जानकारी दिइएको हो। सो अवसरमा लुम्बिनी प्रदेश योजना आयोगका उपाध्यक्ष डा डिल्लीराज अर्यालले विपद्मा बहुआयामिक विश्लेषण गरेर योजना तर्जुमा गर्न आवश्यक रहेको उल्लेख गर्दै प्रदेश सरकारले विपद्लाई उच्च प्राथमिकतामा राखेको बताए।

उनले विपद्का कतिपय जोखिम नियन्त्रण बाहिर रहेकाले चनाखो हुन आग्रह गर्दै यसका लागि विपदको पूर्वतयारी आवश्यक भएको धारणा व्यक्त गरे। नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख प्रशान्त विष्टले विपद्का विभिन्न क्षेत्रमा उपमहानगरपालिकाले सुपर परियोजनासँग सहकार्य गरेको जानकारी दिँदै नेपालगञ्जमा 'हिट वेभ' कार्ययोजना प्रभावकारी बनाउन थालिएको बताए। उनले भने, 'विपद्को विषय तीन तहका सरकारको साझा दायित्व हो।'

दाङको राप्ती गाउँपालिकाका अध्यक्ष प्रकाश विष्टले नेपालगञ्ज उपमहानगरपालिकाले गरिरहेका असल अभ्यासको आफूहरूले पनि अनुकरण गर्ने बताउँदै आफ्नो पालिकाले गरिरहेका अभ्यासबारे पनि जानकारी गराएका थिए। आगलागी भएको अवस्थामा नेपालगञ्ज उपमहानगरपालिकामा तीन दमकल, एउटा फायर ब्रिगेड बाइक रहेको छ। उपमहानगरपालिकाको दमकल शाखाका इन्चार्ज झैनबहादुर खड्काले नेपालगञ्जमा विद्युतीय अनियमितताका कारण धेरै आगलागीका घटना भएको जानकारी दिँदै सूचना प्राप्त हुनासाथ दमकल घटनास्थलमा पुगको बताए।

विपद्का घटनाको अध्ययन र विश्लेषणका आधारमा नेपालगञ्ज उपमहानगरपालिका वडा नं ३ र ७ लाई उच्च जोखिमयुक्त क्षेत्रका रूपमा पहिचान गरिएको छ। पुरानो बस्ती, माटोका घर र साँघुरा बाटोका कारण यहाँ जोखिम बढी देखिएको सुपर परियोजना कार्यसञ्चालन केन्द्रका सूचना अधिकत रूपन ज्ञवालीले जानकारी दिए। ती दुई वडामा ४०० जनालाई 'सामुदायिक विपद् स्वयंसेवक'का रूपमा तयार पारिएको र उनीहरूलाई आगलागी नियन्त्रण, भूकम्प तथा डुबानबाट सुरक्षित रहने उपायबारे तालिम दिइएको उनको भनाइ छ।

पश्चिम नेपालको प्रमुख सहरका रूपमा विकसित हुँदै गएको नेपालगञ्जमा अव्यवस्थित सहरीकरणले जोखिम झन बढाएको छ। यस जिल्लामा करिब २५ हजार घरपरिवारका एक लाख ५० हजार नागरिक विभिन्न विपद्बाट प्रभावित हुनसक्ने पूर्वानुमान गरिएको छ। *रासस*


## निमन्त्रणा वचत तथा ऋण सहकारी संस्था लि.

कुलेश्वर–१४, काठमाडौं

**धितोमा रहेको अचल सम्पत्ति विक्री गर्न डाक बढाबढ गर्न आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना**

*प्रकाशित मिति २०८३/०१/१० गते, बिहीबार*

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित कर्जा सुरक्षण बापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा व्याज यस संस्थासँगको सर्त कबुलियत बमोजिम तिर्न बजाउनु पर्नेमा ऋण लिंदा रहेको सर्त कबुलियतको उलङ्घन गरेको र यस संस्थाबाट पटक पटक मौखिक तथा लिखित तारताकेता एवम् राष्ट्रियस्तरको दैनिक पत्रिका आर्थिक अभियानमा ३ (तीन) पटक सार्वजनिक सूचना प्रकाशित गरी प्रकाशित पत्रिका र कर्जा चुक्ता गर्ने पत्र ऋणीलाई बुझाउँदा पनि पूर्णरूपमा बेवास्ता गरेको हुनाले तपाई ऋणीले कर्जाको सुरक्षण बापत लेखिदिएको तपसिल बमोजिमको धितो सहकारी ऐन २०७४ एवम् सहकारी नियमावली २०७५ बमोजिम बढाबढको माध्यमबाट लिलाम विक्री गरी संस्थाले आफ्नो लेना रकम असुल उपर गरी लिने भएकोले डाक बढाबढमा भाग लिन इच्छुक व्यक्तिहरूले आजको मितिले **८ (आठ) दिन**मा दिनको ४:०० बजेसम्म संस्थाको कार्यालय कुलेश्वर १४ काठमाडौंमा उपस्थित भई चलनचल्ती मूल्यलाई आधार मानी आफूले बोल्न चाहेको डाक अंक उल्लेख गरी खुल्ला रूपमा डाक बढाबढको फाराम भरी पेश गर्न हुन आव्हान गरिन्छ। धितो लिलाम विक्रीका क्रममा धितोको सम्पति कसैले पनि डाक बोलकबोल गरी नलिएमा सहकारीको ऐन तथा नियमावली बमोजिमसो सम्पत्ति संस्था आफैले सकार गरी स्वामितव लिन सक्नेछ। धितोबन्धकीमा रहेको अचल सम्पत्ति विक्री गर्दा सम्पूर्ण लेना रकम असुलउपर नभएमा सहकारी ऐन नियम अनुसार ऋणीको अन्य चलअचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइन्छ।

**तपसिल**

| क्र.सं. | ऋणीको नाम, थर | धितोको विवरण |
|---|---|---|
| १. | **ऋणीको नाम : कमलमान श्रेष्ठ**<br>**बाबु** : महन्तलाल श्रेष्ठ<br>**बाजे** : जीत बहादुर श्रेष्ठ<br>**नागरिकता नं.** : २८७<br>**जारी मिति** : २०४४/१२/०६, जि.प्र.का.ललितपुर<br>**ठेगाना** : साविक गोदामचौर<br>वडा नं.६ 'ख' हाल गोदावरी न.पा.वडा नं.१, ललितपुर | **जिल्ला** : गोदामचौर- ६ 'ख' ललितपुर<br>**कित्ता नं.** : १३९१<br>**क्षेत्रफल** : ०-८-३-० |
| २. | **ऋणीको नाम : धनबहादुर महर्जन**<br>**बाबु** : धिनरमहर्जन भन्ने वीर बहादुर महर्जन<br>**बाजे** : विन्दू महर्जन<br>**नागरिकता नं.** : ९०३०/४०८०<br>**जारी मिति** : २०२८/०४/०१, जि.प्र.का.काठमाडौं | **जिल्ला** : काठमाडौं भूतखेल चोभार १<br>**कित्ता नं.** : ३४५<br>**क्षेत्रफल** : ०-१-०-० |

**शर्तहरू**

१. डाक बढाबढ आवेदन फारम संस्थाको कार्यालय कुलेश्वर-१४ काठमाडौंबाट रु.५००/- तिरी खरिद गर्न सकिने छ।
२. डाक बढाबढ फारममा आफूले पहिलो पटक बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गनुपर्ने छ। डाक तोक्नेले आफूले लिन चाहेको सम्पतिको विवरण प्रकाशित सूचनाको आधारमा भर्नु पर्ने छ।
३. सबैभन्दा बढी डाक बोलकबोल गर्नेले आफूले कबोल गरेको अंकको कम्तीमा १०% रकम सोही दिन यस संस्थामा जम्मा गरी उक्त भौचरको सक्कल प्रति पेश गर्नु पर्ने छ।
४. लिलाम विक्री हुने धितो निरीक्षण गर्न चाहेमा लिलाम गरिने दिनभन्दा अगावै संस्थाको कार्यालयमा सम्पर्क राखी धितो जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिने छ।
५. डाक बोली स्वीकार भएको पत्र पाएको मितिले ७ (सात) दिनभित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई अचल सम्पति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ। सो म्यादभित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ।
६. डाक बोलपत्र स्वीकृत भइसकेपछि बोलकबोल गरिएको सर्तमा कुनै हेरफेर हुने छैन। साथै डाक बोलपत्र स्वीकृत अस्विकृत हुने टुङ्गो नलागुन्जेलसम्म धरौटी रकम फिर्ता दिइने छैन।
७. रित नपुगेको डाक बोलकबाल स्वतः रद्द हुनेछ।
८. डाक बोलकबोल पत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार संस्थामानै निहित रहनेछ। बोलकबोल स्वीकृत भएमा उक्त सम्पत्ति बोलकबोलवालाको नाममा नामसारी गरी दाखिला खारेज गर्दा लाग्ने सिफारिस, रजिष्ट्रेशन दस्तुर वा सबै प्रकारको शुल्क डाक बोलकबोल कर्ताले व्यर्होनु पर्ने छ।
९. डाक बोलपत्र सदर बदर गर्नु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त डाक बोलपत्रहरू रद्ध गरी धरौटी फिर्ता दिन सकिने छ।
१०. डाक बोलकबोल गरिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन सोही, स्थानमा दिनको ४:०० बजे उपस्थित प्रतिनिधिहरूको रोहवरमा डाक बोलकबोल गरिने छ। साथै सबै प्रतिनिधिहरू उपस्थित नभए पनि बोलकबोल गर्न बाधा पर्ने छैन।

**डाक बोलकबोल गरिने मिति** : २०८३/०१/१७ गते
**समय** : दिनको ११:०० देखि ४:०० बजेसम्म
**स्थान** : संस्थाको कार्यालय, निमन्त्रणा बचत तथा ऋण सहकारी संस्था लि., कुलेश्वर, १४ काठमाडौं, **सम्पर्क नं.**: ९७६८९८९७६३।



## Sunawarshi Municipality
## Office Of The Municiple Executive

**Dainiya, Morang**

**Koshi Province**

**Invitation For Sealed Quotation**

**Published Date: 2083/01/10 (Apr. 23Rd, 2026)**

1. Sunawarshi municipality, office of the municipal executive, Dainiya, Morang invites electronics bids from eligible bidder for the procurement of the following Goods under Sealed quotation procedures. The name and identification of the contracts are as follows:

| Contract ID | Particular | Estimated amount Nrs (Without Vat & PS) | Bid security Amount Nrs | Bid Document Price Nrs |
|---|---|---|---|---|
| SUNMUN/DISABLE/ 082/83-01 | Apangata vayeka byakti haruko lagi sahayak samagri kharid tatha marmat | 657000/- | 18,000.00/- | 1,000 /- |

2. Eligible Bidder may obtain further information from sunawarshi municipality, Office of the municipal executive, Dainiya, Morang, Tel- 9852078183 Email: sunawarshimun@gmail.com
3. Eligible Bidder may obtain further information and inspect the bidding Documents through website www.bolpatra.gov.np/egp and deposit cost of Bidding Document in bank name of the Bank:- Himalayan Bank Ltd, Dainiya, Morang. A/C Name:- **Sunavarshi Ga-1-1 Antarik Rajaswa Khata. A/C No: 26856389230138** & For Bid Security **SUNAVARSHI GA-3 DHARAUTI KOSH KHATA:- A/C No:- 26856389230178),** Rajaswa **(revenue) Shirshak No :14229**
4. A complete Set of Bidding Documents May be purchased (electronically) from the Office Of sunawarshi Municipality Dainiya Morang by Eligible Bidders by downloading the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost (non-refundable fee as mention in the 5th column of above table on or Before 2083/01/24 during office hours.) of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidders at the time of electronic submission of the bid.
5. Bids must be submitted to the office of the sunawarshi municipality by electronically on before 12:00 noon on 2083/01/25. Bids received after this deadline will be rejected.
6. The Bids will be opened in the presence of Bidders representatives who choose to attend on Baishak, 25, 2083 13:00 hrs at sunawarshi municipality Dainiya, Morang. Bids must be valid for a period of 45 days and must be accompanied by Bid security, which shall be valid for minimum of 30 days beyond the Bid validity period.
7. If the last date of purchasing, submission and opening falls on government holiday then next working day shall be considered the last date. In such case the Bid validity and Bid security shall Remain the same as specified for the original last date of Bid submission.
8. The employer reserves the right to accept, or reject, wholly or partly any or all the Bids without assigning reason whatsoever.
9. Any additional matter not recovered by this shall be in accordance with the prevailing public procurement Act 2063, and public procurement Regulation 2064 of GON.

**Chief administrative officer**

# प्रभाव दैनिक




## रूपशाला

### चलचित्र 'सारथी'को छायांकन सुरु

कुमार गजुरेलको निर्देशन रहने फिल्म 'सारथी' छायांकन सुरु भएको छ । करिब ४० दिनको छायांकन सेड्युल रहेको फिल्मका निर्माता बरिष्ठ सम्पादक तारा थापा 'किम्भे' रहेका छन् । किम्भे प्रोडक्सन तथा धीरज इन्फिनिटी फिल्मस्को सहकार्यमा निर्माण हुन लागेको फिल्ममा उत्तम प्रधान, निरुता सिंहको जोडी रहनेछ । फिल्ममा मुकुन्द श्रेष्ठ, सम्रान्त थापा, गिरी विश्वकर्मा, गायत्री जोशी, मदन थापा, मिलन खड्का, रश्मी गुरुङ, तुलसी राई, आशा विश्वकर्मा लगायतका कलाकारको अभिनय रहनेछ । सौर्यल थापा निर्माता रहेको फिल्मको कार्यकारी निर्माता रदिप श्रेष्ठ र प्रदिप रायमाझी हुन् ।



# 'लाइफ ड्यामेज'को गीत सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं** – 'फेन्टासी कमेडी ड्रामा' विधामा निर्माण भएको चलचित्र 'लाइफ ड्यामेज' मा समावेश गीत सार्वजनिक गरिएको छ । जेठ १ गतेलाई प्रदर्शन मिति घोषणा गरिएको चलचित्रको गीत राजधानी काठमाडौंमा एक कार्यक्रमको आयोजना गरेर रिलिज गरिएको हो । सार्वजनिक डान्सिङ्ग नम्बरको गीतमा एसडी योगीको संगीत,आदर्श सुशीलको शब्द रचना, एसडी योगी र रेश्मा पुनको स्वर रहेको छ । सार्वजनिक गीतको भिडियोको कोरियोग्राफी किरण थापाले गरेका हुन् । केही वर्षयता कन्टेन्ट क्रियटरका रूपमा परिचित निमेष श्रेष्ठले यस चलचित्रमार्फत निर्देशनमा डेब्यु गरेका छन् । उनले अभिनेत्री सुरक्षा पन्तसँग स्क्रिन सेयर समेत गरेका छन् ।

फन रिभोलुसन इन्टरटेनमेन्टको ब्यानरमा निर्माण भएको चलचित्रमा सुरक्षा पन्त र निमेष श्रेष्ठका साथै ईशा थापा, सञ्जना महर्जन, अमोघ अर्याल, अनीश जंग थापा, अजय पन्त, सविन बास्तोला र निरु खड्कालगायत कलाकारहरूको अभिनय रहेको छ ।चलचित्रको कथा निमेष श्रेष्ठ, ईशा थापा र अभिषेक खरेलले संयुक्त रूपमा लेखेका हुन् । पहिलोपटक निर्देशनमा हात हालेका श्रेष्ठले 'लाइफ ड्यामेज' दर्शकका लागि मनोरञ्जनात्मक र फरक स्वादको 'फेन्टासी कमेडी ड्रामा' हुने बताएका । कार्यक्रममा बोल्दै निर्देशक श्रेष्ठले सिनेमा हेरुञ्जेल रमाइलो बनेको र दर्शकको मन जित्नेमा ढुक्क रहेको बताए । अभिनेत्री सुरक्षा पन्तले सिनेमाको आइडिया मन परेकोले आफुले काम गरेको बताइन् ।

चलचित्रमा प्रवीण खड्काको छायांकन र बिकेन कार्कीको सम्पादन रहेको छ भने देशव्यापी वितरणको जिम्मा बटरफ्लाई फिल्म्सले लिएको छ । गीतको भिडियो फन रिभोलुसनको अफिसियल च्यानल मार्फत सार्वजनिक गरिएको छ ।

# चलचित्र 'चिरञ्जीवी भवः' मा आशीर्वाद

**काठमाडौं (प्रस)**– हास्य विधामा स्थापित जोडी कुमार कट्टेल 'जिग्री ब्रो' र दीपकप्रसाद आचार्य 'काकु' को नयाँ चलचित्र 'चिरञ्जीवी भवः' मा अभिनेता आशीर्वाद क्षेत्री अनुबन्धित भएका छन् ।

निर्माण पक्षले बुधबार आशीर्वादलाई चलचित्रको मुख्य भूमिकाका लागि भित्र्याएको जानकारी दिएको छ ।

यसअघि नै मोडल तथा चर्चित इन्फ्लुएन्सर प्रशंसा रायमाझी यसै चलचित्रमार्फत नेपाली रजतपटमा डेब्यु गर्ने घोषणा भइसकेको छ । गत आइतबार निर्माण टिमले एक पोस्टरमार्फत प्रशंसालाई फिल्ममा स्वागत गरेको जानकारी दिएको थियो ।

आशीर्वाद यस चलचित्रमा प्रशंसाको जोडीका रूपमा देखिने हुन् या हैनन् टिमले कुनै जानकारी खुलाएको छैन ।

चलचित्रको औपचारिक घोषणा गत मंगलबार नयाँ वर्ष २०८३ को अवसर पारेर गरिएको थियो । दीपकप्रसाद आचार्यको निर्देशन रहने यस चलचित्रको कथा कुमार कट्टेलले तयार पारेका हुन् । चलचित्रको लेखनमा सविन अधिकारी र बसन्त न्यौपाने रहेका छन् ।

सामाजिक ड्रामा जनरामा निर्माण हुने 'चिरञ्जीवी भवः' ले दुई पुस्ताबीचको वैचारिक भिन्नता र सम्बन्धको कथालाई मुख्य विषयवस्तु बनाएको छ ।

लेखक कुमार कट्टेलका अनुसार फिल्मको कथा अहिलेकै समयको परिवेशमा आधारित छ ।

उमेश कुमार बराल निर्माता रहेको यस चलचित्रको कार्यकारी निर्माताका रूपमा कुमार कट्टेल र शैलेश खत्री छन् ।

'चिरञ्जीवी भवः' दीपकप्रसाद आचार्यको दोस्रो निर्देशकीय सिनेमा हुनेछ । यसअघि उनले निर्देशन गरेको चलचित्र 'परान' वि.सं. २०८२ सालको सर्वाधिक कमाउने फिल्म बनेको थियो । कुमार कट्टेलको निर्देशन र अभिनय रहेको 'लाज शरणम्' ले पनि व्यावसायिक रूपमा राम्रो सफलता हासिल गरेको थियो ।

आशीर्वाद क्षेत्रीको प्रवेशसँगै चलचित्रको कास्टिङ बलियो बनेको छ । चलचित्रको छायांकनका लागि बाँकी कलाकार र प्राविधिक टोलीको छनोट कार्य भइरहेको निर्माण पक्षले जनाएको छ ।

## रंगशाला

नेपाल 'ए'-ओमान एकदिवसीय

# ओमानसँग नेपाल 'ए' पराजित



■ प्रभाव संवाददाता

**काठमाडौं**– ओमान विरुद्धको एकदिवसीय शृंखलाको पहिलो खेलमा नेपाल ए टोली पराजित भएको छ । काठमाडौंस्थित माथिल्लो मुलपानी क्रिकेट मैदानमा बुधबार भएको खेलमा ओमानले नेपाल 'ए' लाई ७० रनले पराजित गरेको हो । ओमानले दिएको २८१ रनको लक्ष्य पछ्याएको नेपाल 'ए' ४४ दशमलव ४ ओभरमा सबै विकेट गुमाउँदै २१० रनमा समेटियो ।

नेपालका लागि इशान पाण्डेले सर्वाधिक ५२ रनको अर्धशतकीय इनिङ खेले । उनले ६२ बलको सामना गर्दै ३ चौकाको सहयोगमा ५२ रनको योगदान गरेका हुन् । त्यसैगरी कप्तान अनिलकुमार साहले ६४ बलमा ६ चौकाको सहयोगमा ५० रन बनाए । त्यस्तै तृतराज दासले ४८ बलमा ३१ रन बनाए । देव खनालले ४३ रन बनाउँदा सन्दीप जोरा २२ रनमा आउट भए ।

बलिङतर्फ ओमानका शकिल अहमदले ३ विकेट लिए भने नदिम खान र मुजिबर अलिले समान २/२ विकेट लिए । त्यस्तै होनैन अलिले १ विकेट लिए ।त्यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको ओमानले निर्धारित ५० ओभरमा ९ विकेट गुमाएर २८० रनको योगफल बनाएको थियो । ओमानका लागि मुजिबुर अलिले सर्वाधिक ७२ रनको अर्धशतकीय इनिङ खेले । उनले ८५ बलको सामना गर्दै ४ चौका र ३ छक्काको मद्दतमा ७२ रन बनाएका हुन् । कप्तान जितेन्दर सिंह ४८ बलमा ५८ रन बनाए । हषिर डपादारले ४६, आशिष ओडाराले २७ तथा विनायक शुक्ला २५ रन बनाए । जितेन रामानन्दी १७ रनमा अविजित रहे ।

यता नेपाल 'ए' का लागि आकाश चन्दले ४ विकेट लिँदा सन्तोष यादवले २ तथा शाहब आलम, शेर मल्ल र रशिद खानले समान १/१ विकेट लिए । नेपाल 'ए' र ओमानबीच अर्को खेल यही वैशाख ११ गते हुनेछ ।

यही वैशाख १२ गतेदेखि सुरुआत हुने आइसिसी विश्वकप लिग दुई अन्तर्गतको त्रिकोणात्मक सिरिज खेल्न ओमान नेपाल आएको हो । उक्त प्रतियोगिताको तयारी स्वरूप ओमानले नेपाल ए टोलीसँग खेलेको हो । विश्वकप लिग दुईको त्रिकोणात्मक सिरिजमा नेपालसहित संयुक्त अरब इमिरेट्स (युएई) र ओमान सहभागी छन् ।

### नेपालले रूवाण्डालाई हरायो

**काठमाडौं (प्रस)**– आइसिसी महिला ट्वान्टी च्यालेन्ज ट्रफीमा नेपालले आयोजक रुवाण्डालाई पराजित गरेको छ । रुवाण्डाको किगालीमा रहेको गहंगा क्रिकेट ओभलमा बुधबार भएको खेलमा नेपालले रुवान्डालाई दुई विकेटले हराउँदै जित हात पारेको हो । घरेलु टोली रुवाण्डाले नेपाललाई जितको लागि ८९ रनको लक्ष्य दिएको थियो । जवाफमा नेपालले १९.४ ओभरमा ८ विकेट गुमाउँदै लक्ष्य पूरा गऱ्यो ।

नेपालको लागि सम्झना खड्काले सर्वाधिक ४८ रनको योगदान दिइन् । त्यस्तै पूजा महत्तोले १३ तथा विन्दु रावलले १० रन जोडिन् । त्यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको रुवान्डाले १९.४ ओभरमा सबै विकेट गुमाएर ८८ रनको योगफल बनाएको थियो ।

रुवाण्डाका लागि चार ब्याटरले मात्र दोहोरो अंकमा रन बनाउन सके । एलिस इकुजवेले सर्वाधिक १७ रन बनाइन् भने मर्वे उवासले १५, क्लेरिस उमुटोनिवासेले १३ तथा रोसिन उवेराले १२ रन जोडिन् ।

रुवाण्डालाई कम रनमै समेट्नेक्रममा नेपालका लागि रचना चौधरीले ३, पूजा महतो र कविता कुँवरले समान दुई/दुई तथा मनिष उपाध्याय र रिया शर्माले समान एक/एक विकेट लिइन् ।

अन्तरराष्ट्रिय क्रिकेट परिषद्ले सुरुआत गरेको यस प्रतियोगिता डबल राउन्ड रोबिन लिगका आधारमा हुनेछ । त्यस्तै लिगको सबै खेलपश्चात् शीर्ष स्थानमा रहने देश विजेता टोली बन्नेछ ।


**कतार/साउदीमा रोजगार** कम्पनी : AL-NWR LLTJARH WALTNZYFAL WALKHDMAT

पूर्व स्वीकृति मिति : २०८३/०१/०८ | LT. No. 340828 | चलानी नं. ६०२५४२१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Service Agents | 0 | 9 | 1500 | ६१,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MODERN DRLING COMPANY FOR CONTRACTING

पूर्व स्वीकृति मिति : २०८३/०१/०८ | LT. No. 340829 | चलानी नं. ६०२५४२५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labours | 2 | 0 | 1000 | ३९,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख १७ गते (30th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
